पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ अङ्क : २१ २०७० पुस ५ गते शुक्रबार (Dec. 20, 2013) मूल्य रू. १०/-

## काठमाडौंमा चीनले मोर्चा कस्यो

काठमाडौं । चीनबाट आउने ६ जहाजको निर्णय हुनासाथै युरोपले नेपाल वायुसेवा निगमलाई प्रतिवन्ध लगायो । युरोपमै बनेका बोइङ र एयर बसलाई समेत प्रतिवन्ध लगाएपछि नेपाली कूटनीति भनेको नाममात्रको रहेछ भन्ने देखिएको छ ।

नेपाल एक चीन नीतिमा अडिग रहे पनि नेपाली भूमि रणनीतिक रूपमा भारत, अमेरिका र युरोपियनहरूको मोर्चाभूमि बन्न थालेकाले सुरक्षामा पुगेको आघात कम गर्न चीनले काठमाडौंमै मोर्चावन्दी सुरू गरेको छ । चीनका सुरक्षाकर्मी र सिआइडीहरू प्रत्येक दिन डेलिगेशन, पर्यटक, तस्कर, व्यापारी, बेश्यावृत्तिका रूपमा नेपाल आइरहेका छन् । यो कार्यलाई वैधानिक आवरण दिनका लागि चीनका राजदूत चुनताइले मंसिर २४ गते नेपालका उत्तरी सीमामा चुनाव (बाँकी अन्तिम पेजमा)

# पापलाई माफ गर्न एमाओवादी सहमत

काठमाडौं । चुनावमा संगठित, सुनियोजित षड्यन्त्र भएकै हो । सेना र निर्वाचन आयोग, कांग्रेस र एमालेले धाँधली गरेकै हुन् भनेर चुनाव परिणाममा बखेडा झिकिरहेको एमाओवादी अँध्यारो कोठामा कांग्रेस-एमाले जनयुद्धकालीन फौजदारी अभियोग नखोतल्ने, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने र आम माफी दिन सहयोग गर्न सहमत भएपछि एमाओवादी समानुपातिकका ५४ सभासद्को नाम





सिफारिस गरेर ८० सभासदसहित संविधानसभामा जान तयार भएको छ ।

साथै धाँधलीको कथित मुद्दाबाट लाज बचाउन कांग्रेस-एमालेले संसदीय समिति बनाइदिने भएपछि एमाओवादीले राहतको सास फेरेको छ । निष्पक्ष उच्चस्तरीय आयोगको माग गरिरहेका प्रचण्डका लागि यस्तो समिति 'हात्ती आयो हात्ती आयो फुस्सा' हुनेछ । 'खोदा पहाड निक्ला चुहा' भनेको यही हो । जे होस, देर आएँ दुरूस्त आएँ भनेझैँ प्रचण्ड राष्ट्र नेता राष्ट्रपतिको रूपमा होइन, मेजर पार्टीबाट तेस्रो पार्टीका रूपमा राप्रपा नेपाल (चौथो)को हाराहारीमा बस्न जाँदैछन् ।

यद्यपि प्रचण्डको राजनीतिक प्रभाव घटेको छैन । निर्वाचनमा असफल प्रचण्ड विध्वंश गर्ने शक्ति राख्ने भएकैले उनको हैसियत कायम रहेको हो र थप विध्वंश (बाँकी अन्तिम पेजमा)

## कलम थापालाई रोक्न प्रचण्ड तगारो



काठमाडौं । राप्रपा नेपाल चौथो शक्ति बनेर संविधानसभामा जाँदैछ । राप्रपा नेपालले संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रको मुद्दालाई व्यापक रूपमा उछाल्ने र ती विषयमा बहस गराउन बाध्य पार्न सक्छ । अझ संविधानसभा/संसदको प्रमुख प्रतिपक्षी बन्यो भने धर्मनिरपेक्षता, गणतन्त्र र संघीयता कुन जनमतको निर्णय भनेर नैतिक प्रश्न खडा गर्न सक्ने भएकाले कांग्रेस, एमाले सरकारमा जाने र एमाओवादी प्रमुख प्रतिपक्षी बनेर राप्रपा नेपाललाई रोक्ने सहमति भएको बुझिएको छ । तीन ठूला दलको यो (बाँकी अन्तिम पेजमा)

## रेग्मी सर्वोच्च अदालत नफर्क

**अभियान संवाददाता**

काठमाडौं । एमाओवादीले आफ्नो पार्टीको महाधिवेशनबाटै पारित गरेर सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम चुनावी सरकारको नेतृत्व दिने निर्णय अनुसार रेग्मीले सरकारको नेतृत्व पाएका हुन् । नेपाली कांग्रेस र नेकपा एमालेले विरोध गर्दागर्दै पनि रेग्मी एमाओवादीको बलमा प्रधानन्यायाधीश पदमै कायम रहेर सरकारको नेतृत्व लिन सफल भएपनि अहिले चुनाव सम्पन्न भइसकेको र निर्वाचन परिणाम समेत आइसकेको अवस्थामा आफैंले प्रस्ताव गरेका र अन्य दलहरूलाई आफ्नो प्रस्ताव स्वीकार गर्न बाध्य पार्ने एमाओवादीले रेग्मीलाई चुनावमा धाँधली गरी आफ्नो पार्टीलाई हराएको अरोप लगाउँदै आएको छ ।



तत्कालिन अवस्थामा रहेको उच्चस्तरीय राजनीतिक संयन्त्रले रेग्मीलाई प्रधानन्यायाधीश पदमै कायम राखेर संविधान नै संशोधन गरी मन्त्रिपरिषद् अध्यक्ष बनाएपछि नेपाल बारलगायत अन्य विभिन्न पक्षहरूबाट त्यसैबेला रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने माग आएपनि त्यसबेला रेग्मीले त्यस सम्बन्धमा चुँसम्म पनि बोलेनन् । अब चुनावसम्पन्न भएको छ, विस्तारै रेग्मीले मन्त्रिपरिषदको अध्यक्ष छोड्नु पर्ने बेला आएकोमा उनी फेरि सर्वोच्च आदलत मै फर्किने मनस्थितिमा रहेको समाचारहरू प्रकाशित भएका छन् । स्वभाविक रूपमा अब प्रश्न उठेको छ, के रेग्मी फेरि सर्वोच्च अदालतमा फर्किन मिल्छ ? रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउँदा सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा कायमै

(बाँकी अन्तिम पेजमा)

## एमाओवादी र नेकपा-माओवादी दुवैले संघर्ष गर्ने

**अभियान संवाददाता**

काठमाडौं । मंसिर ४ मा सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनलाई सक्रिय रूपमा बहिष्कार गरेको नेकपा-माओवादीले चुनावी परिणामसहित पार्टीले उठाएका मुद्दाहरूका बारेमा लामो छलफल र बहस गरेर त्यस विषयमा भएका गल्ती, कमीकमजोरी र भावी कार्यक्रमहरूका बारेमा विभिन्न निर्णयहरू लिएको छ । संविधानसभाको निर्वाचनमा एमाओवादीलाई हराउन गरेको मतदान बारेमा नेकपा-माओवादीको केन्द्रिय समितिमा चर्को विवाद उत्पन्न भएको थियो । बैठकमा कि मतदान गर्नेहरू माथि कारबाही हुनुपर्‍यो कि बहिष्कार गर्नेमाथि भन्ने प्रश्न उठेपनि नेतृत्व वर्गले त्यसको जवाफ दिएको थिएन ।

विभिन्न विषयहरूमा बैठकमा छलफल



भएपनि बैठकले ठोस कार्यदिशा र संगठनको टुंगो लगाउन नसकेपछि आगामी असारमा राष्ट्रिय सम्मेलन गर्ने

(बाँकी अन्तिम पेजमा)

## संयन्त्रको निर्णय स्वीकार गर्न दलहरू बाध्य नहुने

काठमाडौं । २०६९ साल फागुन ३० गते तत्कालीन ठूला दल एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चा मिलेर ११ बुँदे राजनीतिक सहमति गरी त्यही सहमतिका आधारमा चैत्र १ गते संविधानका विभिन्न धारा-उपधारा, दफा र उपदफा संशोधन गरी त्यही संशोधनका आधारमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीश पदमै कायम राखेर मन्त्रिपरिषद्को अध्यक्ष बनाइएको थियो । रेग्मीलाई अन्तरिम चुनावी सरकारको नेतृत्व सुम्पिएपछि सरकारलाई सहयोग र चुनावी वातावरण मिलाउन यिनै दलहरूको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाइएको हो ।

अहिले चुनाव सम्पन्न भइसकेको छ । हिजोका ठूला दलहरूको हैसियतमा फेरबदल भएको छ । हिजोको ठूलो दल तेस्रो स्थानमा झरेको छ भने दोस्रो र तेस्रो दल क्रमशः पहिलो र दोस्रो ठूलो दल बन्न सफल भएका छन् । (बाँकी अन्तिम पेजमा)

## दाहाललाई पार्टीभित्रै संकट

काठमाडौं । गत मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा धाँधली भएको भन्दै त्यसका विरूद्ध छानविन आयोग गठन हुनुपर्ने माग एमाओवादी नेतृत्वले गरे पनि एमाओवादीका कार्यकर्ताहरू भने धाँधलीले मात्र आफ्नो पार्टीको पराजय भएको स्वीकार गर्न तयार देखिएका छैनन् । धाँधली भएको आरोप लगाइए पनि पार्टी हार्नुको मुख्य कारण नेतृत्व वर्गको असफलता र अकर्मण्यता नै रहेको आरोप बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ पक्षधरहरूले लगाउन थालेपछि एमाओवादीका अध्यक्ष पुष्पकमल (बाँकी अन्तिम पेजमा)



## यी त असफलै भए !?

■ **शाश्वत शर्मा खतिवडा**

पहिलो संविधानसभा असफल भएर विघटन भइसकेपछि गत मंसिर ४ मा कर्मचारीहरूको सरकारले गराएको संविधानसभा (२)को निर्वाचनपछि मुलुक स्थिरता र विकासतिर मोडिएला, हाम्रा यी 'नेता'हरूले विगतबाट सिकेर अब चैं देश र हाम्रा लागि केही गर्लान् ? भनेर आशामा बसेका नेपाली जनता अब निराशा तिर उन्मूख भएका छन् । खासगरी संविधानसभा(२)को निर्वाचन सफलतापूर्वक सम्पन्न भएको एक महिना बितिसक्दा पनि अहिलेसम्म दोस्रो संविधानसभाको गठन हुन नसक्नु पहिलो कारण हो भने, पार्टीहरूभित्र देखिएको कचिंगल र पार्टी-पार्टीहरू बीचमा देखिएको वैचारिक मत मतान्तरहरू दोस्रो र तेस्रो कारण हुन् । हुन पनि पहिलो संविधानसभाले राम्रैसँग पाठ पढाएको छ भनेर ठान्ने नेपालीहरू त्यतिबेला झस्किन पुगे, जतिबेला समानुपातिकतर्फका उम्मेदवारहरूको नामावलीलाई समेत टुंगो लगाउन निर्वाचन पक्षीय ठूला दलहरू असफल भए । अब यस्ताले सर्वमान्य संविधान निर्माण गर्ने ? आफ्नै कार्यकर्ता तथा आफूभन्दा मुनिका नेताहरूलाई आफ्नो पकडमा राख्न नसक्नेले मुलुक हाँक्ने ?

अब एकातिर पार्टीभित्रको स्थिति यस्तो छ भने अर्कोतिर आफूलाई ठूलो पार्टी भनेर चिनाउन खोज्नेहरूको बीचमा नै असमझदारीको तुष पलाएको छ । कसैलाई निर्वाचन परिणाम स्वीकार्य छैन भने, कसैलाई पुराना राष्ट्रपति र उपराष्ट्रपति फेर्नुपर्ने भएको छ । निर्वाचन अगाडी नै विभिन्न मुद्दाहरू छँदै थिए भने निर्वाचन पछि दिनहुँजसो नयाँ नयाँ मुद्दाहरू ब्यूँतिने क्रम जारी छ । अझ बहिष्कारवादी वैद्य समूहहरूको समस्या त छुट्टै छ । त्यस्तै गरेर तराई-मधेसमा हालीमुहाली गरेर बसेका र पहिलो संविधानसभामा 'मधेसवादी दल' भनेर



चिनिएकाहरूका विरूद्धमा तराई-मधेसमा नयाँ खाले विद्रोहको सुत्रपात हुन थालेको देखिन्छ । अर्थात सबैतिर असन्तुष्टि र विद्रोह !! ...अब बन्छ नयाँ र सर्वमान्य संविधान ? वास्तवमा भन्नु नै पर्दा, अहिले पनि आफूलाई प्रमुख दल हौं भनेर दाबी गर्ने यी दल र यिनका

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# विदेशी नागरिक नेपालका जागिरे

*नेपाल सरकारको उच्च ओहदामा बसेका धेरै व्यक्तिहरु अहिले आफ्ना सबै परिवारलाई अमेरिका, क्यानाडा, अस्ट्रेलिया, बेलायत लगायतका अन्य मुलुकहरुमा बसोबास गराएर उनीहरु सरकारी उच्च ओहदामा बसिरहेका छन् । उनीहरु अनेक बहाना बनाएर प्रत्येक महिना विदा मिलाएर होस् वा अन्य अफिसियल काममै होस् ती मुलुकहरुमा महिनाको एकचोटी पुग्ने गरेका छन् । नेपाल सरकारको जागिरमा रहेका त्यस्ता व्यक्तिहरु अमेरिकी (डिभी) वा अन्य मुलुकहरुको (पिआर) लिएर सरकारी सेवामा रहँदा उनीहरुले दिने सेवा सुविधा कस्तो होला ?*

*विदेशमा बसोबासको व्यवस्था मिलाएर परिवारलाई विदेशमै सेटल गराएर जागिर खाने प्रवृत्ति बढेपछि तत्कालीन राजा ज्ञानेन्द्रको शासनकालमा निजामति ऐन संशोधन गरेर सेवा छोड्नुपर्ने वा विदेशमा बसोबास छोड्नुपर्ने अध्यादेश ल्याएकोमा त्यसै बेला केही विदेशमा बसेका गिरोहहरुले व्यापक विरोध गर्दै अध्यादेशकोविरुद्ध लविङ गरेका थिए । जब राजा ज्ञानेन्द्रले शासन सत्ता छोडे त्यसपछि राजाले ल्याएको अध्यादेश भनेर उक्त प्रावधान हटाइएपछि नेपालमा जागिर खाएर विदेशमा परिवारहरुलाई सेटल गर्ने कार्यले तिव्रता नै पाएको छ । शाहीकालमा अमेरिकी (डिभी) परेका उपसचिव काजीबहादुर बुढाथोकी, शाखा अधिकृत गणेश दाहाल, कमल खनाललेसमेत राजीनामा गरी अमेरिका गएका थिए । तर अहिले लोकतान्त्रिक सरकारले नेपालमा जागिर खाएर बसेका व्यक्तिका परिवारलाई विदेशमा सेटल गर्दा त्यसबाट उत्पन्न हुन सक्ने सम्भावित खतरालाई आंकलन गर्न नसक्नु र उनीहरुमाथि कुनै कारबाही नगर्नुले देशको सुरक्षामाथि नै संकट उत्पन्न हुनसक्ने अवस्था देखिएको छ ।*

*नेपाली सेनाका कर्णेल कुमार लामा मानवताविरुद्धको अपराधमा बेलायतमा पक्राउ परेका छन् । पक्राउ परेपछि उनले मतदान बाहेकका सबै अधिकार पाउने गरी उनी बेलायती नागरिक भइसकेको खुलासा गरेको भएता पनि आजसम्म नेपाल सरकारले उनलाई बर्खास्त गर्न सकेको छैन । नेपाली सेनाको जागिर खाएर बसेको व्यक्ति बेलायती नागरिक हुँदासम्म न त उनलाई नेपाली सेनाले कारवाही गर्ने प्रयास गऱ्यो न त सरकारले नै । सुरक्षा निकायको उच्च तहमा बसेका व्यक्तिहरु नै अर्को देशको नागरिकता लिएर बसेका र उनीहरुको परिवारसमेत विदेशमै त्यहींको नागरिकता लिएर बस्ने गरेका हुनाले त्यस्ता व्यक्तिहरुबाट नेपाल र नेपाली जनताको हित हुन सक्दैन । केही समय पहिला नेपाल प्रहरीका डिएसपी जगदिश पोखरेल राजीनामा गरी अमेरिका हानिए तर उनले राजीनामा दिएर गएका भए पनि अहिले विदेशी नागरिकता लिएर नेपाल सरकारको जागीर खाएर बसेका व्यक्तिहरुले पोखरेलको जतिको समेत नैतिकता देखाउन नसकेकोले अब नेपालमा जागिर खाएर बसेका तर विदेशी नागरिकता लिएका व्यक्तिहरुलाई खोजीखोजी नेपाल सरकारले कारबाही नगरेको खण्डमा नेपालको सुरक्षा व्यवस्था नै संकटमा पर्ने सम्भावना बढेर गएको छ ।*

*सरकारी सेवामा आकर्षक सुविधा हुँदाहुँदै पनि आफ्ना परिवारलाई विदेशमा सेटल गराउने प्रवृत्ति बढेको र सरकारी सुविधा सेवामा रहँदा उनीहरुले भ्रष्टाचार गरी कमाउने पैसासमेत उतै लैजाने गरेको र विदेशमा त्यहींको नागरिकता लिएर नेपाल सरकारबाट पेन्सन समेत खानु कहाँको नैतिकता हो । अर्थमन्त्रालयका सहसचिव नवराज भण्डारीको परिवार पनि अमेरिकामै बसाइ सरेको छ । सहसचिव भण्डारी भने केही महिना विदा लिएर अमेरिका गएका भए पनि फेरि केही महिनाको लागि मन्त्रालय हाजिर भएका छन् । त्यसै गरी नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर गोपाल प्रसाद काफ्लेको परिवार पनि अमेरिकामै सेटल भएको छ भने अब काफ्ले पनि फेरि डेपुटी गभर्नरबाट अवकास पाएपछि उतै जाने तारतम्य मिलाउँदै छन् । यस्ता थुप्रै व्यक्तिहरुले नेपालमा जागिर खाएर विदेशको नागरिकता लिए पनि उनीहरुलाई कारबाही गर्न सरकार असक्षम साबित भएको छ ।*

*नेपालमा सरकारी जागीर खाएर विदेशी नागरिकता लिनु पनि एक प्रकारको गम्भीर भ्रष्टाचार भएको हुनाले अब त्यस्ता भ्रष्टाचारीहरुमाथि अख्तियार दूरुपयोग अनुसन्धान आयोगले छानविन गरी उनीहरुमाथि कारबाही नगर्ने हो भने कुनै दिन नेपालका सरकारी सबै कर्मचारीहरु विदेशी नागरिक हुँदैनन् भनेर किन नभन्ने ? समाजमा तीन प्रकारका भ्रष्टाचार हुने गरेका छन् । सामाजिक, आर्थिक र राजनीतिक । यी सबै भ्रष्टाचारहरु एक अर्कामा जोडिएका हुनाले अब त्यस्ता भ्रष्टाचारीहरुलाई कारबाहीको दायरामा नल्याएको खण्डमा नेपालको प्रशासनिक क्षेत्र नै एक दिन तहसनहस हुनेछ भने हामीले ठानेका छौं । तसर्थ यस्ता भ्रष्टाचारीहरुमाथि अविलम्ब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही थालोस् भन्ने हाम्रो आग्रह हो ।*

# एमाओवादीका कारण कांग्रेस-एमालेबीच दरार

*देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचनको महायज्ञमा होमिएका राजनीतिक दलहरूलाई जनताले आ-आफ्नो हैसियतमा राखिदिएपछि जनताको अभिमत स्वीकार गर्न नसक्ने एमाओवादी र केही मधेसवादी दलहरूले चुनावमा धाँधली भएको आरोप लगाउँदै संविधानसभाको बैठकलाई पछि धकेल्ने प्रयास गरेपनि उनीहरूको प्रयास असफल सावित हुने प्रायः निश्चित नै छ । राजनीतिक दलका लागि जनता नै न्यायाधीश हुन् । पछिल्लो संविधनसभाको चुनावमा नेपाली जनताले एमाओवादीलाई सबैभन्दा ठूलो दल बनाएर संविधानसभामा पठाएका थिए । तर एमाओवादीले चुनावताका जनतालाई दिएका आश्वासनहरू पुरा गर्नुको बदला उडन्ते कुरा गरेर संविधान निर्माण कार्यलाई अघि बढाउन नसकेको र नेपाली समाजलाई विभाजित गर्नेगरी एकल जातीय पहिचानका आधारमा प्रदेशहरूको निर्माण हुनुपर्ने अडान राखेपछि संविधान निर्माण हुन सकेन र त्यही एकल जातीय पहिचानलाई जनताले अस्वीकार गर्दै मंसिर ४ मा भएको चुनावमा नेपाली कांग्रेस र नेकपा एमालेको बहुपहिचानसहितको प्रदेश निर्माणको मार्गचित्रलाई स्वीकार गरेर उनीहरूलाई क्रमशः पहिलो र दोस्रो ठूलो दल बनाइदिएका छन् । नेपाली कांग्रेस र नेकपा एमालेले राम्रो काम गरेका हुनाले जनताले उनीहरूलाई पत्याएका होइनन् । चोरहरूमध्येका कमचोरलाई मात्र जनताले रोजेका हुन् । अहिले ठूला भनिएका राजनीतिक दलहरूले एकले अर्कोलाई पत्याउन सकिरहेका छैनन् । नेपाली कांग्रेस र नेकपा एमालेभित्र दरार बढेको छ । एमालेले चुनावमा दोस्रो ठूलो दल हुनासाथ राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनुपर्छ भन्ने अडान राखेपछि कांग्रेसले एमालेलाई शंकाको दृष्टिले हेर्न थालेको छ भने एमालेले जनताले ताजा जनादेश दिएको हुनाले त्यही अनुरूपका कार्यहरू अघि बढाउनु पर्छ भन्ने अडान कायम राखे पनि उसले ताजा जनादेश आएको हुनाले हिजोको संविधानसभासले गरेका निर्णयहरूलाई अब गठन हुने संविधानसभाले जस्ताको तस्तै स्वीकार गर्नुपर्ने अडान लिएपछि एमालले द्वैध चरित्र प्रदर्शन गरेको प्रष्ट रूपमा देखिएको छ । राष्ट्रपति भनेका एउटा संस्था हो, त्यसैगरी संविधानसभा भनेको पनि एउटा संस्था भएको हुनाले एउटा संस्थालाई ताजा जनादेशको आदेशका अनुसार चल्नुपर्ने भन्ने अनि अर्को संस्था त्यही ताजा जनादेशको आदेश अनुसार चल्न पाउँदैन भन्नु कहाँको न्यायप्रणाली र कुन सिद्धान्तभित्रको कुरा हो । ताजा जनादेश आएको अवस्थामा अब संविधानसभाले हिजो गरेका सबै निर्णयहरू हुबहू स्वीकार गर्नुपर्ने बाध्यता छैन । मंसिर ४ गतेको निर्वाचनले दलहरूको हैसियतमा परिवर्तन भएको छ । हिजो दुवैतर्फ गरी २ सय ३८ सिट भएको एमाओवादी अहिले ८० सिटमा खुम्चिएर तेस्रो शक्ति भएको छ । कांग्रेस-एमाले र अन्य केही दलहरू मिल्दा संविधानसभामा दुई तिहाई पुग्न सक्ने र सहमतिको आधारमा संविधान निर्माण हुन नसकेको खण्डमा एमाओवादीको घोषणापत्रकै आधारमा बहुमतीय आधारमा संविधान निर्माण हुन सक्ने अवस्था भएपछि एमाओवादीलगायतका केही अवसरवादी मधेसीदलहरूले अनेक प्रकारका बखेडा झिकेर संविधानसभालाई अनिर्णयको बन्दी बनाउने प्रयासमा लागेका हुनाले कांग्रेस-एमालेले आ-आफ्नो पार्टीगत स्वार्थ त्यागेर आफैंले घोषणा गरेको एक वर्षभित्रमा संविधान दिने प्रतिबद्धता पूरा गर्न अघि बढ्नु आजको अवाश्कयता हो । कांग्रेस-एमालेले बुझ्नु जरूरी छ, उनीहरूलाई जनताले राम्रो काम गरेवापत मत दिएका होइनन्, एमाओवादीको उडन्ते कुराविरूद्ध मात्र मत दिएका हुन् ।

संविधानसभाको दोस्रो निर्वाचनमा सहभागी भएका दलहरूमध्येका कांग्रेस, एमाओवादी, एमाले र मधेसवादी दलहरूको मोर्चामा सहभागी भएका दलहरूलाई चुनावमा धाँधली भएको आरोप लगाउने नैतिक अधिकार छैन । हिजो सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीश पदमै कायम राखेर संविधान संशोधन गरी मन्त्रिपरिषद्को अध्यक्ष बनाउने यिनै दलहरू हुन् । रेग्मी नेतृत्वको सरकारमा यिनै चार दलले सिफारिस गरेका व्यक्तिहरू मन्त्री परिषद्मा भएका हुनाले उनीहरूले आफैँलाई मन्त्री बनाउने दलहरूका विरूद्ध षड्यन्त्र गरे भन्नु आफैँले आफैँलाई विश्वास गर्न नसक्नु बाहेक अन्य केही हुन सक्दैन । यदि राज्यको संयन्त्र नै लागेर एमाओवादी र मधेसवादी दलहरूलाई हराएको हो भने किन मधेसवादी दलहरूले र एमाओवादीले सिफारिस गरेका मन्त्रीहरूलाई फिर्ता बोलाउने साहस देखाएनन् ? निर्वाचन आयोगका पदाधिकारीहरूसमेत यिनै दलको भागवण्डामा नियुक्त भएका हुनाले उनीहरूले कुनै पार्टीका विरूद्ध षड्यन्त्र गरी हराउन सक्ने अवस्था नै छैन/थिएन । यदि एमाओवादी र मधेसवादी दलहरूले लगाएको आरोप सत्य थियो भने एमाओवादीको सिफारिसमा नियुक्त भएका निर्वाचन आयुक्त अयोद्धीप्रसाद यादव र मधेसी मोर्चाको सिफारिसमा नियुक्त भएका पीवी ठाकुरले किन राजीनामा दिएर सत्यतथ्य बाहिर ल्याउन सकेका छैनन् ? यी सबै तथ्यहरूले प्रमाणित गर्दछ, आरोपका लागि आरोप लगाइएको मात्र हो । त्यो पनि आफ्ना पार्टी नेता र कार्यकर्ताहरूलाई भूलभूलैयामा राखेर आफू आफ्ना कार्यकर्ताको अगाडि साखुला बन्ने प्रयास ।

एमाओवादीले संविधानसभाको चुनाव अघि दुई तिहाइको सपना बाँडेकै हो । दुई तिहाइको सपना बाँडेर ढुक्कसँग गजक्क परेर बसेको एमाओवादी नेतृत्व त्यतिबेला नराम्रोसँग फस्कियो जब ऊ तेस्रो दलमा मात्र सीमित भयो । अहिले पनि एमाओवादी नेतृत्वले पराजयको पीडालाई पचाउन सकेको छैन । अनेक प्रकारका बहानाबाजी गर्दै आफैँले निर्वाचनमा जनतासामु बाँडेको चुनावी घोषणापत्रविरूद्ध लाग्नुले उसले संविधान निर्माण गर्न नचाहेको प्रष्ट हुन्छ । एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले विगत २४ वर्षदेखि पार्टीभित्र एकछत्र राज्य गरिरहेका छन् । अहिले उनको पार्टीभित्र चुनावमा पराजय भएपछि त्यसको नैतिक जिम्मेवारी लिँदै राजीनामा दिनुपर्ने माग उठ्न थालेको भए पनि अध्यक्ष दाहालले भने आफ्नो कारणले चुनावमा पराजय नभएको भन्दै देशी विदेशी र राज्य संयन्त्रले पार्टीलाई हराएको उद्घोष गर्न थालेका भए पनि सिराहा क्षेत्र नं. ५ मा दाहालले धाँधली गरी चुनाव जितेको आरोप नेकपा एमालेका उम्मेद्वार लीलानाथ श्रेष्ठले लगाउँदै संविधानसभा अदालतमा मुद्दा दायर गरेकोमा दाहालले त्यसको प्रतिवाद गर्दै चुनावमा कुनै धाँधली नभएको र आफूलाई दुःख दिनका लागि मात्र त्यस्तो आरोप लगाएको भन्दै आरोप पत्र खारेजको माग गरेका हुनाले पनि चुनावमा सुक्ष्म धाँधली भएको एमाओवादीलगायत मधेसी दलका नेताहरूको आरोपमा सत्यता नभएको प्रष्ट हुन्छ । पार्टी अध्यक्षले चुनावमा आफ्नो पार्टीले नराम्रो पराजय भोग्नु परेको खण्डमा त्यसको नैतिक जिम्मेवारी लिँदै पदबाट राजिनामा दिने प्रचलन विश्वमै रहेको छ । २०६४ को निर्वाचनमा पार्टीले नराम्रो पराजय भोग्नु परेपछि एमालेका तत्कालीन महासचिव माधवकुमार नेपालले पदबाट राजीनामा दिएको उदाहरण यहीँ हुँदा हुँदै पनि त्यस्को अनुशरण गर्नुको बदला आफैंले निर्माण गरेको सरकार र आफैंले सिफारिस गरेका व्यक्तिहरूले धाँधली गरेर आफूहरूलाई हराए भन्ने हाँस्यास्पद आरोप लगाउनुले दाहालको कद कुनै हालतमा पनि बढ्दैन बरू उनले नैतिक जिम्मेवारी लिएर पदबाट राजीनामा दिएका भए उनको र उनको पार्टीको कद बढ्न सक्थ्यो । तर यहाँ विडम्वना नै मानिनुपर्छ नैतिक जिम्मेवारी लिने नेता कोही भेटिएका छैनन् । बरू पञ्चायती कालमा २०४५ सालमा दशरथ रंगाशालामा फुटलब खेल सञ्चालन भइरहेको बेलामा हावाहुरी चलेर केही व्यक्तिको मृत्यु भएपछि तत्कालीन शिक्षा तथा खेलकुद मन्त्री केशरबहादुर विष्टले नैतिक जिम्मेवारी लिँदै पदबाट राजीनामा दिएका थिए । त्यसैगरी २०३० सालमा सिंहदरबारमा आगलागी हुँदा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले समेत राजिनामा दिएका उदाहरण हाम्रै सामु रहेको छ । अलोकतान्त्रिक भनिने पञ्चायती व्यवस्थामा त नैतिक जिम्मेवारी लिएर राजीनामा दिन प्रचलन थियो भने लोकतानित्रक पद्दतिमा त्यस्तो नैतिक जिम्मेवारी नलिनुले के लोकतान्त्रिक पद्दतिको धज्जी उडेन त ?

अहिलेको अवस्था भनेको दलहरूले एकले अर्कोलाई विश्वास गर्न सक्ने वातावरण निर्माण गर्नु नै हो । सबै दलहरूलाई जनताले नै मतदान गरेका हुनाले ठूला भनिएका दलहरूले साना दललाई उपेक्षा गर्नु किमार्थ लोकतान्त्रिक पद्दतिभित्र पर्दैन । यदि त्यसो भएमा साना दलहरूलाई भोट दिने जनताको अपमान भएको ठहरिन्छ । पछिल्लो समयमा ठूला तीन दल र हिजोको मधेसी मोर्चाको व्यवहार हेर्दा उनीहरू अलोकतान्त्रिक पद्दतिभित्र फसेका छन् । मरिसकेको उच्चस्रतीय राजनीतिक संयन्त्रलाई ब्यूँताएर उनीहरू पार्टीगत स्वार्थमा लिप्त भएजस्तो देखिएका छन् । एकातिर नयाँ जनादेशको कुरा गर्ने अनि आफैं फेरि त्यही पुरानो जनादेशको आधारमा बैठक बसेर अनेक निर्णयहरू गर्ने अधिकार एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चालाई छैन । मंसिर ४ मा सम्पन्न संविधासभाको दोस्रो निर्वाचनले दलहरूको हैसियत निर्धारण गरिदिएको छ । त्यही हैसियत अनुसार दलहरू अघिबढ्नु पर्नेमा एमाओवादीको घुर्कीलाई साम्य पार्ने बहानामा पुरानो उच्चस्तरीय राजनीतिक संयन्त्रलाई कायम राख्नु भनेको नयाँ जनादेशलाई स्वीकार गर्न नसक्नु र कांग्रेस, एमाले, एमाओवादीको चंगुलमा फस्नु बाहेक अन्य केही हुन सक्दैन ।

पछिल्लो समयमा एमाओवादी अध्यक्ष दाहाललाई राम्रो अवसर मिलेको थियो । भारतको राजधानी नयाँ दिल्लीमा भारतीयहरूकै सहयोगमा भएको १२ बुँदे सहमति र त्यही सहमतिका आधारमा भएको वृहत शान्ति सम्झौताका हस्ताक्षरकर्ता दाहाल मात्र जीवित रहेको अवस्थामा उनले अभिभावकीय भूमिका खेल्ने सक्ने तर उनमा पनि एक प्रकारको घमण्ड र दम्भ अनि साम्यवादी पार्टीको वर्ण शंकर अनुसरण गर्दै उडन्ते कुरा गर्ने र नानाथरीका बहानाबाजी खोज्दै हिंड्ने प्रवृत्ति रहेको हुनाले उनले राम्रो अवसर गुमाउँदै गएका छन् । उनले चुनावपछि आफ्नो पार्टीको पराजयलाई आफ्नो पदीय प्रतिष्ठा र गरिमासँग नभएर पदीय अहंकारसँग तुलना गर्दै गएका छन् । उनले कमसेकम लोकतान्त्रिक पद्धतिमा आफूलाई सुसंस्कृत गराउने हो भने पराजयको नैतिक जिम्मेवारी लिँदै अध्यक्ष पदबाट राजीनामा दिने प्रस्ताव चुनावी परिणाम आउने वित्तिकै आफ्नो पार्टीमा राख्न सक्नु पर्दथ्यो । तर ठीक त्यसको विपरित निर्वाचनमा धाँधली भएको भन्ने सूत्र प्रयोग गरेर सुक्ष्म तरिकाले धाँधली गरेको भन्दै राज्य संयन्त्र र निर्वाचन आयोगका विरूद्ध धारे हात उठाउँदै गएका छन् । उनी आफैँले प्रस्ताव गरेर गठन भएको खिलराज रेग्मी नेतृत्वको सरकार र निलकण्ठ उप्रेती नेतृत्वको निर्वाचन आयोगलाई समेत उनले विश्वास गर्न सकिरहेका छैनन् । त्यसैले उनी यी दुवै संवैधानिक निकायहरूले चुनावमा धाँधली गरि आफ्नो पार्टीलाई हराएको आरोप लगाउँदै चुनावमा हारेका केही साना दलहरूको सहभागितामा मोर्चावन्दी गरी अघि बढ्ने प्रयासमा लागेका हुनाले अध्यक्ष दाहालको कूटिल रणनीति पनि फेरि एकपल्ट असफल साबित हुने निश्चित जस्तै भएको छ । अध्यक्ष दाहालले आफू फेस सेभिङ भएपछि आफ्नो मोर्चावन्दीमा सहभागी भएका दलहरूलाई फेरि पहिलाकै ठाउँमा अर्थात् सडकको बीचमै छोडेर उनी अगाडि बढ्ने छन् ।

नेपाली कांग्रेस र नेकपा एमालेले समेत एमाओवादीलाई फकाउने निहुँमा आ-आफ्ना पार्टीभित्र झगडाको विऊ रोपिरहेका छन् । समानुपातिकतर्फका उम्मेद्वारहरूको नामावली कांग्रेस र एमालेले पठाउन सकेका छैनन् । कांग्रेस-एमालेभित्र पनि व्यापक विवाद रहेको र त्यो विवादले एमाओवादीलाई नै अप्रत्यक्ष रूपमा फाइदा पुगेको छ । एमाओवादी जसरी भए पनि कांग्रेस एमालेसँग बार्गेनिङ गरेर बढी लाभ उठाउने पक्षमा देखिएको छ । उसले संविधानसभामा उपस्थित नहुने निर्णय गरे पनि उसले अन्त्यमा बाध्य भएर आफ्नो निर्णय नफेरी सुखै छैन भन्ने बुझ्दा बुझ्दै पनि कांग्रेस-एमालेले उसलाई बढी महत्व दिएका हुनाले एमाओवादी अब कांग्रेस-एमालेभित्र विवाद सिर्जना गराएरै भए पनि आफ्नो स्वार्थ पूरा गर्ने कार्यमा सक्रिय भएको छ । त्यसैको परिणामस्वरूप हो कांग्रेस-एमालेबीच तिक्तता बढ्नु र कांग्रेस-एमालेले एक अर्कोलाई विश्वास गर्न नसक्नु अनि दुई पार्टीबीच दरार बढ्नु ।

# फेरि पनि एमाओवादी नै बाधक



राजन कार्की

निर्वाचन अघि नै शंका थियो : निर्वाचनले सरकार बन्ला, संविधान बन्ला कि नबन्ला ? निर्वाचन सम्पन्न भएको महिनादिनपछि पनि सत्ताकै खिचलो, आआफ्नै डम्फु, पहिलेको शंका नै घनिभूत हुनआयो । ठ्याक्कै त्यही स्थिति । एमाओवादीलाई चुनावपछि तेस्रो स्थान प्राप्त हुनासाथ उसले बोली फेर्‍यो, संविधान निर्माणलाई प्रक्रियामा होइन, सहमतीयमा हुनपर्छ भनेर अत्तो थाप्न पुग्यो । साथै राष्ट्रपतिको निर्वाचन हुनुपर्छ, हामीले भनेजस्तै जातीय संघीयतामा जानुपर्छ भन्ने धारणा अघि सारेर संविधानसभा आह्वान, सरकार निर्माण र सहमतिको वातावरण नै खलबल्याइदिएको छ । संविधान भनेको राष्ट्रिय अनुशासन निर्माण हो भन्ने विषयलाई एमाओवादीले राजनीतिकरण, बादमा लगेर थचारिदिएको छ । निर्वाचनअघि संविधान निर्माणलाई प्राथमिकता दिएका प्रचण्डसहितका चुनावमा आफूले भनेजस्तो परिणाम ल्याउन नसकेका असन्तुष्ट दलहरू मिलेर संविधान निर्माणमा लगन र यत्न होइन, बाधा र अड्को खडा गर्न थालेको देख्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत समेत चकित परेको छ । चकमा दिन खोज्नेहरू चकित पारेर गाईजात्रा देखाइरहेका छन् र समयमै संविधान बन्छ भन्ने विषयलाई क्लिष्ट शैली अथवा शंकर कोइरालाको बुझ्न नसकिने कविता बनाउन पुगे । यसपछि सबैलाई प्रष्ट भएको छ कि राजनीतिक दलहरू संविधान खोज्न, संवैधानिक उद्दम गर्न कदापि तैयार छैनन् । अनुकूलता भए संविधान, प्रतिकूलतामा सडक गान गर्ने भनेर उम्लिन पो थालेको देखिन्छन् । चुनाव अघि प्रचण्ड र बाबुराम भन्थे- संविधानसभाको अवधि २ वर्ष, एक वर्ष संविधान लेख्न, एक वर्ष चुनाव गराउन । आज उनीहरू यो अवधिमा जनादेश पाएर ठूला पार्टी बनेका कांग्रेस, एमालेलाई कसरी असफल पार्ने भनेर लागेका छन् । १२ बुँदेका पहिलो दल बाह्रौ खेलाडी बन्न पुगेपछिको उनीहरूको चरित्र देशहितकारी, जनपक्षीय हुन छाडेको छ ।

बैद्यले चुनाउमाथि नै प्रश्न उठाएर बहिष्कार गरे, टण्टै साफ । चुनावपछि मत गन्न सुरूभयो, सर्वत्र एमाओवादीको हारको लहर सुरू भएको देखेर प्रचण्डको सातोपुत्लो उड्यो, डाहा छटपटी सुरूभयो, सुत्न सकेनन् र आधारातमा पत्रकार सम्मेलन गरेर पार्टीले मतगणना अस्वीकार गरेको घोषणा गर्नपुगे । मतदातालाई धन्यवाद दिएको ८ घण्टाभित्रै मतदातालाई सराप्न थालेको यो आठौं आश्चर्यपूर्ण परिदृश्य लोकतन्त्रको विश्व इतिहासमै यो पहिलो ब्रेकिङ समाचार थियो । त्यसै पनि माओवादी रणनीतिक इक्विलिब्रियममा चल्ने गर्छन् । बैद्य बहिष्कारवादी, प्रचण्ड अस्वीकारवादी, कतै यी दुवै सिक्काका दुईपाटाझैं मौसेरा भाइ त होइनन् ? बैद्यले प्रचण्डलाई विश्वासै गर्न नसकिने विदेशीका दलाल भन्ने आरोप लगाएका थिए भने प्रचण्डले बैद्यलाई कुनै लछारपाटो लगाउन नसक्ने भनेर धुलो टक्टक्याएजस्तो टक्टक्याएका थिए । चुनाव हार्नासाथ प्रचण्ड बैद्यसँग वार्ता गर्न पुगे, वैद्यले संविधानसभा छाडेर आउ, मिलेर जाउँ भन्ने प्रस्ताव गरिदिए । प्रचण्ड संविधानसभातिर भन्दा बैद्यतिर बढी आकर्षित हुँदै गएका देखिन्छन् । बाबुराम भट्टराई भने कांग्रेस, एमाले हामीले भनेको मान्दैनन् भने जनयुद्धको पुनरावृत्ति हुनसक्छ भन्दै धम्क्याउन थालेका छन् । मंसिर ४ को निर्वाचन मानौं रत्नपार्कमा चटकेले देखाएको चटक थियो, सिद्धियो । यही हो, ताक परे संविधान नत्र सडकगान भनेको ? एमाओवादी ठूलो पार्टी बनेको भए, निर्वाचनको परिणामले प्रचण्डलाई राष्ट्रनेता र राष्ट्रपति बन्ने मार्ग खोलिदिएको भए धरोहर बन्थ्यो, जनताले खुइल्याइदिए- धाँधली भयो । अर्थात्, एमाओवादीले लज्जाजनक रूपमा चुनाव हार्‍यो, हारेपछि उसले लोकतन्त्रमाथि नै प्रश्न खडा गरिदिएको छ । लोकतन्त्र बेठिक छ भने कुन तन्त्रमा जाने ? प्रचण्ड नैतिक रूपमा प्रष्ट छैनन् । अध्यक्ष पद जोगाउन उनले खयाली पुलाउ पकाएको हो भने, उनको अध्यक्ष पद उनको पार्टीको कुरा हो, बचाउन् । देशलाई बर्बाद पार्ने, दुनियाँ हँसाउने र जनमतको अनादर, आलोचना गर्ने छुट कसैलाई पनि हुनुहुन्न । प्रचण्डलाई पनि त्यस्तो छुट जनताले दिन सक्दैनन् ।

महाभारतको कथामा भीमसँग रिसाएका धृतराष्ट्रले भीमलाई खत्तम पारिदिने निर्णय गरे । उनले भीमलाई खोपीमा बोलाए । यो कुरा थाहा पाएका कृष्णले भीमको प्रतिरूप बनाएर धृतराष्ट्रको सामु उभ्याइदिए । रिसले आगो बनेका धृतराष्ट्रले भीमको प्रतिरूपलाई अँगालेर यसरी निचोरिदिए कि लाहाको भीमको प्रतिरूप माटोको भाँडो फुटेजस्तो धुलोपिठो भयो । त्यसपछि अन्धा धृतराष्ट्रलाई गल्ती गरेको चेतना भयो र उनी लज्जाबोध गर्दै पश्चाताप गर्न बाध्य भए । लोकतन्त्रमा जनतालाई जनार्दन मानिन्छ, जनतालाई जनार्दन मान्ने हो भने जनताले एमाओवादीको अहंकार, अन्धबेग, अन्धदृष्टिलाई मंसिर ४ को निर्वाचनका माध्यमबाट यथार्थ धरातलमा उभ्याइदिएका छन्, आँखा खोलिदिएका छन् । जसरी पनि चुनाव जित्नैपर्छ भन्ने मान्यता लोकमतको अपमान हो भनेर सम्झाइदिएका छन् । यो लोकमहिमा बुझ्ने हो भने मेरो गोरूको बाह्रै टक्कामा एमाओवादी उभिने छैन, आफूभित्र हल्किएका लोकलाई मन नपर्ने अँध्यारा पक्षहरूलाई सुधार गर्नतिर लाग्नुपर्नेछ । अव एमाओवादीभित्रको धृतराष्ट्रको अवसान भएर अर्जुनदृष्टि खुल्नुपर्छ किनभने आउँदा दिनमा लोकमा झन बढी चेतना र हिम्मत बढ्नेछ र धम्कीबल, त्रासदीबल, छलबल र हतियारबलले उधरका लोकमत इधर गर्न सघाउने सम्भाबना न्यूनिकरण हुँदैजानेछ ।

बम र बन्दुकको छलयुद्धका पारंगत महारथ प्राप्त माओवादीले बल्ल आफ्नो असली अनुहार जनमतको ऐनामा विरूप भएको देखेको छ । संविधानसभाको पहिलो निर्वाचनको ठूलो पार्टी यसरी तेस्रो दर्जामा घटुवा हुन्छ भनेर एमाओवादी अहिले पनि पत्याउन तैयार छैन । त्यसैले जनयुद्धकालीन बन्दुके नेताले चुनावबारे छानबिनको आत्मरती गरे र निष्कर्ष निकाले- कसैले थाहा नपाउने गरी संरचनागत, प्रक्रियागत र सांगठनिक रूपमा अदृश्य धाँधली भएकै हो, एमाओवादीविरूद्ध षडयन्त्र गरेकै हो । यो धाँधली र षडयन्त्रविरूद्ध उच्चस्तरी छानबिन आयोग गठन गरेर त्यसको रिपोर्ट सार्वजनिक गर्नैपर्छ, नगरेसम्म संविधानसभामा जाँदैनौं । राष्ट्रपति डा.रामवरण यादवले अध्यक्ष प्रचण्डलाई बोलाएरै सबै बिबादहरूको समाधान संविधानसभाबाट खोज्नोस् भन्ने सुझाव दिए । राष्ट्रपतिको सुझावलाई अध्यक्ष प्रचण्डले ठाडै इन्कार गरिदिए । उल्टै प्रचण्डले कांग्रेस, एमाले र देसैभरि आफ्नो धारणा पुग्नेगरी सर्त तेर्स्याए- धाँधलीबारे छानबिन आयोग गठन गरी यथार्थ बाहिर ल्याउनुपर्छ, सहमतीय प्रणालीबाट सरकार गठन र संविधान निर्माणमा सहमति गर्नुपर्छ अन्यथा किनाराका साक्षी बस्न संविधानसभा गइदैन । चुनाव हारेपछि पनि प्रचण्ड राजनीतिक निर्णायकत्वसहितको नेतृत्व लिन चाहन्छन्, उनलाई हार स्वीकार छँदैछैन । उनी आफ्ना मान्यताहरूमा अन्य राजनीतिक दलहरूलाई, जनादेशलाई समेत निहुरीमुन्टी न बनाउन खोजिरहेका छन् । यथार्थमा निर्वाचनपछि पनि निकास निकाल्ने थलो संविधानसभाविरूद्धको आतंकवाद नै हो । सडकमा सहमति खोजेर संविधानसभाबाट घोषणा गरे हुने भए संविधानसभाको निर्वाचन गर्नुको औचित्य के रह्यो त ?

जनयुद्धकारी यी लौहनेताको यस्तो रून्चे कुरा सुनेर दुनियाँ तीनछक्क परेका छन् । चुनावमा छक्का हान्न नपाएको झोकमा प्रचण्डका हनुमानजस्ता उपाध्यक्ष नेता नारायणकाजी श्रेष्ठले दुनियाँलाई जिल्लाराम पार्न प्वाक्कै भनिदिए- चुनावमा एमाओवादीलाई हराउने सुनियोजित षडयन्त्र भएको संकेत पाएका थियौं, मत गन्न थालेपछि त्यो संकेत प्रमाणित हुनथालेको हो । निर्वाचन परिणामपछि त षडयन्त्र भएकै ठहरियो । त्यही संकेत र षडयन्त्रको छानबिन हुनुपर्छ भनेका हौं, यस्तो छानबिनले लोकतन्त्र झन बलियो हुन्छ । छानबिन नभएसम्म संविधानसभामा पस्नु अर्थहीन हुनेछ । अर्का उपाध्यक्ष डा.बाबुराम भट्टराईले संविधानसभाको कोर्षमा नजाने होइन, छानबिन हुनुपर्छ । एमाओवादीको सिङ्गो पार्टीपंक्ति आयोग गठन गरेर छानबिन हुनुपर्छ भनेर स्यालहुइया नै मच्चाइरहेको छ । एमाओवादी इतरका सबै टुलुटुलु हेरिरहेका छन्, सुनिरहेका छन् ।

एमाओवादीको कोकोहोलो सुनेका आममतदाता र विदेशी प्रतिनिधिहरूसमेत यतिबेला नेपालमा जित्नेलाई हराउने, हार्नेलाई जिताउन सक्ने चमत्कार कसरी सम्भव भयो होला ? कुन त्यस्तो शक्ति रहेछ, जसले एकै दिन भएको निर्वाचनमा एक्कैपल्ट यस्तो अलौकिक करामत देखाउन सक्छ ? भनेर चर्चा गर्न थालेका छन् । एमाओवादीको इसारा भारततिर छ । यसपटक मधेसी दलहरूलाई समेत भारतले मिल्न मिलाउन कुनै खेल खेलेन र स्थापित नेताहरू पराजीत भएर कालानीला बनेर चाउरिएका छन्, यो हार भारतको हार हो भनिरहेका छन् । आफैले १० वर्ष पालेर १२ बुँदे सम्झौता मार्फत जनयुद्धलाई जनआन्दोलनमा मिसाउँदै लोकतन्त्रको चोला फेराएको शक्तिलाई भारतले किन हराउने ? एमाओवादीले १९५० को सन्धि, असमान सन्धिहरू, कालापानी र सीमा अतिक्रमणका बिबादहरू, गोर्खा भर्ति गराउने मुद्दाहरू त छाडिसकेको थियो, उसले चाहेजस्तै नागरिकता वितरण, बिप्पादेखि एयरपोर्टको व्यवस्थापनसम्म दिन सहमत भएकै थियो भने एमाओवादीलाई मिहिन गरिकाले हराउन भारतले कसरी भूमिका खेल्यो होला र ? हो, नेपाली नस-नसमा भारतीय प्रभाव छ, भारतीय हस्तक्षेपकारी, बिस्तारवादीनीति प्रति घृणा पनि छ तर, यसपटकको निर्वाचनमा भारतले कांग्रेस, एमालेलाई जितायो भन्नु जनमतमाथि अन्याय हुनजानेछ । केही प्रभावी मत यताउता ढल्क्यो होला । तिसौं हजार पर्यवेक्षक र अधिकारकर्मी, पत्रकार र पर्यवेक्षकहरूले धाँधली र षडयन्त्र देख्दै देखेनन्, ऐतिहासिक रूपमा जनता उर्लिएर मतदान गरेको पो देखे । तर, एमाओवादी हार्‍यो, हारेपछि षडयन्त्र देख्नु एमाओवादीभित्रको सुसुप्त अतिवादलाई पाच्य हुनसकेन । बम बिस्फोटले काम गरेन, वाईसिएल र उत्पादन ब्रिगेडले तर्साउन र बुथ कब्जा गर्न बगाएको पसिनाले पनि जनमत एमाओवादीतिर मोड्न सकिएन । अन्ततोगत्वा एमाओवादी तावाबाट उछिट्टिएर आगाको भुङ्ग्रोमा पुगेको छ । स्वभाविक चुनाव परिणामलाई अस्वभाविक पार्ने कुचेष्टा किन भइरहेको छ ? रहस्यमय ठानिएको छ ।

लोकतन्त्रप्रति मन, वचन र कर्मले प्रतिवद्ध भएको भए एमाओवादी यसरी हतास मनस्थिति लिएर बतासिनु पर्ने थिएन । गुमेको साखको जग एकवर्षभित्रै स्थानीय चुनावबाट मजबुत पार्न सकिन्छ । जग बलियो भएपछि घर बलियो हुनेछ, ५ वर्षपछि अथवा संविधान जारी गरेपनि मध्यावधि चुनाव पनि हुनसक्छ, किनभने बहुमत कसैको छैन, त्यतिबेला अहिलेको हारलाई जीतमा बदल्न पनि सकिन्छ । लोकतन्त्रमा जीतहार भइरहन्छ । भर्खरै दिल्लीमा तीन कार्यकाल राज्य गरेकी कांग्रेसकी शीला दीक्षितलाई १४ महिने बालख आम आदमी पार्टीका अरविन्द केजरीवालले हराइदिए । हार्नासाथ शीला दीक्षित, पार्टी अध्यक्ष र महामन्त्री सोनिया गान्धी र राहुल गान्धीले हार स्वीकार गरे । जनताले शिक्षा दिए, हामी अझ बढी राम्रो काम गरेर जनतालाई मनाउन प्रयास गर्छौं भनेर लोकतन्त्रमा लोकमतको मर्यादाको सम्मान गरे । नेपालमा किन त्यस्तो हुनसकेन ? ०६४ सालमा लोकतान्त्रिक निर्वाचन जितेर ठूलो पार्टी बनेको एमाओवादी र अध्यक्ष प्रचण्डले लोकमतको त्यस्तो सम्मान गरेर लोकतान्त्रिकरण भइसकेको सन्देश दिन सकेनन् ? छुद्र बोली, छिद्र चरित्र, अतिवादी व्यवहार र अत्याचारी मानसिकता प्रदर्शन गरेर जनादेशमाथि नै धावा बोलिरहेका छन् । यो त घुम्दै फिर्दै रूम्जाटार भएन र ? खोई कहाँ देखियो लोकतन्त्रवाद ? बैद्यको बहिष्कारवाद र प्रचण्डको अस्वीकारवादले शान्ति र संविधानलाई सम्भव बनाउने जनविश्वासमा फेरि तुषारापात हुनथालेको नमीठो अनुभव हुनथालेको छ । कांग्रेस र एमालेले बहिष्कार र अस्वीकारवादलाई लोकतन्त्रमा अवतरण गराउनका लागि भगिरथ प्रयत्न गर्नुपर्ने देखिन्छ । अन्यथा संविधानसभाको दोस्रो निर्वाचन पनि उही भागबण्डा, सत्ता र शक्तिको खिचातानी, उही सिंहदरवार र शीतलनिवासको रन्कोमा दौडदै समय बित्नेछ र राजनीतिक दल र नेताहरू अकर्मण्य बनेर असफल हुनेछन् । चेत रहोस्, देशभक्त हुने र जनताको प्रगति चाहने हो भने बैद्यको बहिष्कार र प्रचण्डको अस्वीकारले लोकतन्त्र संस्थागत हुनसक्दैन । रिस उठेको बिरालाले खम्बा चिथोरेजस्तो गर्ने होइन, कुनै पनि द्वन्द्वको समाधान संविधानसभा, संसदबाट खोज्ने हैसियत राख्नुपर्छ ।



# Work for Regional Harmony Rather Creating Gulf Between Two Islamic Countries

*Zaheerul Hassan*

Countrywide violence started after 65 years old Mullah Abdul Qadir's judicial murder in Bangladesh. In this ongoing blast wave 29 individuals had been killed, many injured, in addition to fire bombing of train stations, pro-government businesses and blocking of roads.

Bangladesh has executed the Abdul Qadir Mullah, who was sentenced for allegedly committing murders of locals during 1971 of Indo-Pak war. He was a senior leader of Jamaat-e- Islami Party and the first person convicted and hanged by Bangladesh's International Crimes Tribunal (ICT). Mrs. Husina Wajid's government had set up ICT in 2010 to investigate abuses committed during the 1971 conflict.

Wave of violence spread through towns and cities after hanging of opposition leader, media reports. The brutal and revenge full act of Indian's puppet government has been condemned all over the globe. In this connection, UN and world human rights commissions declared this inhuman act against a politician. Pakistani Parliament has also condemned the ruthless judicious murder of Abdul Qadir. Pakistani government has called her ambassador to discuss the current situation of Bangladesh after the killing of an old politician.

In fact, Prime Minister Sheikh Hasina Wajid is known for her pro-Indian tilt. Since her coming into power, she deliberately avoided confrontation with India over country's core issues like border and water. She always tried to win the masses' support while creating anti Pakistan sentiments in the public. Before establishing ICT and trial of Mullah Qadir, the government has made efforts to create anti Pakistan environment while arranging some functions covering the roles of various segments of society in creation of Bangladesh. Mullah has been hanged on the factitious evidence of a veil observing girl who earlier failed able to recognize the accused. Interestingly, couple of years back during her first appearance before the court, she was not covering her mask while giving her evidence and did not identify Mullah as killer of her family. It only proves that PM Hussina Wajid has deliberately planned the murder to please India and win anti Pakistan votes in the coming elections.

Moreover, on the direction of India, unlike the past years, a ceremony was held in Dhaka on March 24, 2013, with full enthusiasm to honour 'Foreign Friends of Bangladesh Award,' in relation to the crisis which led to the separation of East Pakistan in 1971. For this purpose, several foreign friends who included various institutions and media anchors from various countries, particularly India were invited. Besides other renowned persons. Notably, on the instruction of New Delhi, in December, 2012 the names of participants in the said ceremony were announced after approval of RAW. In the same year Bangladeshi Prime Minister Hasina Wajid had refused to attend D-8 conference in Islamabad unless Pakistan tendered apology for the alleged genocide of Bengalis.

In this regard, in the recent past, a book titled, "Sheikh Mujibur Rahman: The Unfinished Memoirs" written by a Bengali as his autobiography has been simultaneously released in Bangladesh, Pakistan and India. The book left no stone unturned in distorting Pakistan's history and tarnishing the image of Pakistan's armed forces regarding the separation of East Pakistan. Without comprehending reality, the book explained that it was not Sheikh Mujibur Rahman and Bengalis who wanted to break up Pakistan, but actually created Pakistan.

In short, the political conspiracy took place as result of Indian interference that led to break up of Pakistan.

Indian Army sunder the cover of Mukti Bahini raided and killed locals. Bengalis were massacred and their women were raped.

Critics of the tribunal and judicious murder of Mullah say that touching an old issue after 42 years of Bangladesh inception is nothing else than a political tool of PM Sheikh Hasina Wajid. In fact, she is just playing in Indian hands and started killing people through biased judiciary to avoid defeat in elections and divert public attention from the internal dissatisfaction, border issue and water conflict. Thus, UNO and world community should intervene and ask Hasina Wajid to stop barbarism against those who did not support "Indo-Mujib Game of 1971".

She must learn the lesson from the history when Pakistan freed her father Sheikh Mujib but assacinated by own people on August 15, 1975.She should work for regional harmony rather creating gulf between two Muslim states.

# The girl activist that wants to transform Nepali Society her way

*Anna Leach*

After studying business in Thailand, Menuka Gurung wants to return to Nepal to transform society through social enterprise. Photograph: Ewen Bell "I was born and raised in Kathmandu. My parents moved to the capital from a village after they got married. Although they didn't get a chance to study, they made sure that my sister and I got the opportunity."

"My grandmother wanted a grandson from my father. She was disappointed when I was born because I was the second child and they expected a son. Though my father was her eldest son, she never showed love towards us because she expected a grandson. I felt sad about this. However later I realised that this is not just my story; there are a lot of people who have faced gender inequality."

The first challenge a girl faces is her own family. Nowadays, more people support girls' education in Nepal. However, there are still a lot of uneducated families who have no idea about education and women's rights.

If we want equality then we need to involve boys as well as girls in advocacy. The boys should know how girls feel when they are teased, or when the boys are allowed to go out but girls have to stay at home after 7pm.

Biggest challenge: Balancing my studies with extra-curricular activities is one of my biggest challenges. My parents were happy to see how concerned I was about women's rights and my activities in community, but they always had a fear that it might affect my studies.

Proudest moment: Organising a flashmob with Hollaback, which campaigns to end street harassment, was one of my proudest moments. More than anything, for me being a part of Women Lead, the first and only leadership organisation for young women in Nepal, makes me proud. As a trainee and as an intern, I was able to interact with people from different backgrounds and spread the word about women's empowerment and at the same time learn from their experiences.

Currently, I am an undergraduate in Webster university in Thailand, majoring in management and international business. I want to pursue a career in social entrepreneurship. My dream is to transform Nepalese society through responsible solution-oriented business. When we talk about women in business it is about more than sewing, knitting and household work. Some people in Nepal feel that women can't go beyond that. I want to change their misconception about women in business and as a whole.

# The great Kashmir wall

*Abdul Majid Zargar*

India now appears all set to partition Jammu & Kashmir by metes & bounds by erecting a 10-metre high wall – First along its 197 KM stretch of boundary with Pakistan and later along the Line of control in J&K. If the media reports are to be believed, Work has already begun on the proposed partition wall. Land stands identified and revenue papers have been processed for a formal no-objection certificate to be obtained from the state government. The proposed wall will be 135 feet wide which means that it will be higher and wider than both the Berlin Wall and the serpentine barrier that Tel Aviv has constructed to usurp occupied territories in Palestine. It will pass through 118 villages in Jammu sector alone. On the other side (Pakistan side) of the wall, a trench of several feet depth will be excavated-similar to one witnessed along the Outer wall of Red forte in New-Delhi. The State Govt. has adopted a stoic silence on the issue. The proposed wall will be in flagrant violation to UN resolutions on J&K issue.

E A clarification at the outset will be in order though. India calls that portion of the Border as "International Border" which demarcates the State of Jammu & Kashmir with Pakistan's Sialkot sector . It is a misnomer. Given the disputed nature of whole of J&K State, recognized internationally, this portion can never be called International Border but only a working border till the resolution of the dispute.

India, Pakistan & Jammu and Kashmir already stand divided by a barrier which consists of double-row fencing and concertina wire eight to twelve feet (2.4–3.7 m) in height, electrified and connected to a network of motion sensors, thermal imaging devices, lighting systems and alarms. India's fresh bid to construct a long wall along the divided border is a sign of regressive nostalgia. History is replete with instances where walls have been built to preserve occupied lands but without any success. The Romans built Hadrian's Wall in England to keep the Picts out and the East Germans built the Berlin wall to prevent its people from meeting people on the other side . The paranoid regime in Israel constructed a number of walls in a span of six decades. And it plans many more protective walls" in future. Similarly there are walls which separate Americans from Mexicans. The success of these walls is for anybody to see. The Berlin wall fell like a pack of cards & occupation of Palestine has not made the citizens of 'Israel' any more safer than before.

Good fences or walls have never made good policy, just as they have never made good neighbors. In 221 BC Chinese emperor, Qin Shi Huang ordered the construction of a wall to guard China's territorial gains against the land claims of the Xiongnu people from Mongolia, who claimed the Chinese had stolen their land & sought its return. It started a great bloodbath & left a bitter taste among various tribes of the time. When the Great Wall of China was finally finished in the 16th Century - the construction of which claimed over 3,000 lives - it did little to prevent the Ming Dynasty from keeping out the Manchus, who nonetheless overthrew the government.

By constructing a wall as planned, India will only convert itself into a ghetto-state. At best it could be a strong & armed ghetto but a ghetto nevertheless. It cannot attain peace by erecting barricades, how-so-ever long & strong these may be which can only be achieved by mending fences with its neighbors. And to achieve peace it is imperative that India takes concrete steps with Pakistan to solve Kashmir problem in its historical perspective.

# कहिले आउला नेपाली कम्युनिस्टको चेत ?

■ **निर्मल भट्टराई**

दोस्रो संविधानसभाको निर्वाचनले शक्ति सन्तुलनमा व्यापक फेरबदल ल्याइदिएको छ । करिब ३४ प्रतिशत संविधानसभाका सिट नेपाली कांग्रेसलाई, ३० प्रतिशतको हाराहारीमा एमालेलाई र अघिल्लो संविधानसभाको सबैभन्दा ठूलो दल (करिब ४० प्रतिशत सिट) एकीकृत माओवादीलाई १४ प्रतिशत सिटमा सीमित गरिदिएको छ । साना वामपन्थी दलको हैसियतमा खासै फेरबदल नदेखिएबाट विगतको संविधानसभामा भन्दा यसपटकको संविधानसभामा कम्युनिस्टहरूको मत प्रतिशत उल्लेख्य मात्रामा घटेको देखिन्छ, जुन नेपालको क्रान्तिकारी रूपान्तरणका लागि पटक्कै शुभसंकेत होइन ।

एमाओवादीको सिट घटेको देखेर प्रफुल्लित हुने एमालेहरूले नाजी जर्मनीका कवि मार्टिन निमोलरले कम्युनिस्ट र यहुदी बारे लेखेको कविता बिर्सेका छन् भनेर निष्कर्ष निकाल्ने वेला भइहालेको छैन । आज एमाओवादीलाई घेराबन्दी गर्ने शक्तिले आफ्नो इच्छाअनुरूप नचल्ने अन्य वामपन्थी पार्टीलाई छोड्दैन भन्ने तथ्य घामजस्तै छर्लंग छ । यसर्थ यो निर्वाचनमा धेरै पार्टी र क्षेत्रबाट धाँधली भएको उजुरी परेको सन्दर्भमा निष्पक्ष छानबिन गर्ने संयन्त्र बनाउँदा कसैलाई नोक्सान हुँदैन, बरू त्यसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई फाइदा नै पुर्‍याउँछ ।

सामन्ती राजतन्त्रसँग सम्झौतापश्चात २०४९ सालमा एमालेका तत्कालीन महासचिव मदन भण्डारीले त्यो पार्टीले विगतदेखि अंगीकार गरेको नयाँ जनवादी कार्यक्रमलाई छाडेर पुँजीवादी-संसद्वादी व्यवस्थाका १४ वटा विशेषतासहितको जनताको बहुदलीय जनवाद कार्यक्रम अँगाल्दासमेत आफ्नो ज्यान जोगाउन सकेनन् । उनको ज्यान सम्भवतः जबजको व्याख्या गर्ने क्रममा 'जबज भनेको सामन्तवाद-साम्राज्यवादविरोधी जनवादी राज्यसत्ता हो' भनेबापत गएको हुन सक्छ । उनीपछि पार्टीको सत्तामा पुगेका माधव नेपाल र मदन भण्डारीको वास्तविक उत्तराधिकारी भनेर स्वघोषणा गर्ने केपी ओलीले व्यवहारबाट नै उल्लिखित हरफमा अन्तरनिहित मर्मलाई क्षत-विक्षत गरिदिए । सामन्तवादलाई रिझाउन उनीहरूले माओवादी जनयुद्ध दबाउन राजा र कांग्रेससँग घाँटी जोड्ने मात्र काम गरेनन्, आफ्नै वंशनास गरेर आएको तत्कालीन राजा ज्ञानेन्द्रको पाउमा दाम चढाउनेसम्मको घोर दक्षिणपन्थी चरित्र प्रदर्शन गरे । साम्राज्यवादलाई रिझाउन दिल्ली र वासिंगटन दौडाहादेखि राजदूतले देख्लान् भनेर पार्टी कार्यालयबाट मार्क्स-लेनिनलगायत विश्व कम्युनिस्ट आन्दोलनका महान् नेताको फोटो हटाउनेसमेत निर्णय गर्न पुगे ।

०६२/६३ सालको जनआन्दोलनपछि जबजको सान्दर्भिकता करिब समाप्त भइसकेको छ । जबजको प्रमुख विशेषता 'बहुमतको सत्ता पक्ष, अल्पमतको विपक्ष', 'क्षतिपूर्तिसहितको जग्गाको हदबन्दी', 'संविधानको सर्वोच्चता', असान्दर्भिक भइसकेका छन् । वर्तमान शासकीय स्वरूप र संसद्को बनावट बिल्कुलै भिन्न छ । भूमिसुधार सम्बन्धमा नेपाली कांग्रेससमेत एमालेले अंगीकार गरेको नीतिभन्दा बढी प्रगतिशील देखिन्छ । ०६२/६३ सालको परिवर्तनपछि संविधानको सर्वोच्चता होइन, सहमतिको सर्वोच्चता रहँदै आएको छ । यसर्थ परिवर्तनका वर्तमान एजेन्डालाई जबजले छेउटुप्पोसमेत भेट्न सक्दैन । माओवादी जनयुद्धले स्थापित गरेका समावेशीकरण र संघीयताका मुद्दाले एमाले र कांग्रेसलाई पनि परिवर्तित हुन बाध्य बनाएको तथ्य त अझ घामजस्तै छर्लंग छ ।

एक सय ७५ सिट जितेर दोस्रो स्थान हासिल गरेको एमालेसँग दुइटा विकल्प छन् । पहिलो, नेपाली कांग्रेसको पिछलग्गु बनेर उसले छुट्याएको केही 'उप' पद स्विकार्ने र ०४७ सालको संविधानलाई केही परिमार्जन गरेर विश्वमै असफल हुँदै गएको वेस्टमिनिस्टर प्रकारको संसदीय व्यवस्थासहितको संविधान ल्याउने कांग्रेसको योजनामा दश औंलाले ल्याप्चे लाउने वा १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनको भावनाअनुरुप जनताका अग्रगामी एजेन्डालाई भावनाअनुरूप जनताका अग्रगामीलाई आत्मसात गर्ने साहस गर्ने, सरकारको नेतृत्व गर्न एमाओवादीलगायत नेपाली कम्युनिस्टसँग हात मिलाउने र अग्रगामी संविधान निर्माण गर्न देशका दक्षिणपन्थी यथास्थितिवादीसँग संविधानसभा र आवश्यक पर्दा सडक संघर्ष गर्ने ।

तर, विडम्बना के छ भने एमालेका अधिकांश शीर्ष नेता एमाओवादीतिर फर्केर पनि हेर्न हुँदैन भन्ने मान्यता राख्छन् । विगतमा एमाओवादीलाई तेजोवध गर्न रामवरण यादव र रूकमाङ्गद कटवालसँग गरिएको साँठगाँठ र एमाले अध्यक्ष झलनाथ खनालले एमाओवादीसँग सातबुँदे सहमति गरेर प्रधानमन्त्री बनेको भोलिपल्टदेखि उनलाई स्थायी समिति र केन्द्रीय समितिमा अल्पमतमा पारी हुर्मत खेलाएको घटनाले उनीहरूको मनोदशा प्रस्ट बोध गर्न सकिन्छ । एमालेका ती शीर्षलाई नेपाली कांग्रेसले छुट्याएको केही 'उप' पदहरु स्विकार्न आपत्ति हुँदैन । तर, संविधानसभा, गणतन्त्र, समावेशीकरण र संघीयताजस्ता एजेन्डा जन्माउने र स्थापित गर्ने पार्टी एमाओवादीसँग मिलेर सामाजिक-आर्थिक रूपान्तरणका अग्रगामी एजेन्डा लागू गर्न उनीहरूलाई छोइछिटो सरह हुन्छ । वाइसिएलसँग झगडा गर्न युथफोर्स निर्माण गर्ने र कांग्रेससँग पाँचतारे होटलमा सहभोज गर्ने संस्कृतिको जन्म दिइन्छ ।

संघीयता निर्माणको विषयमा धेरै कुरामा सहमति भएर पनि नामकरणमा कुरो नमिल्दा अघिल्लो संविधानसभा निघटन हुन पुग्यो । नामांकन र सीमाङ्कन रूप पक्ष हुन् भने संघहरूको गठन र संघले प्राप्त गर्ने अधिकार सार पक्ष हुन् । सारमा सहमति हुने हो भने नामकरण गर्न तततत प्रदेशलाई नै जिम्मा दिन सकिन्छ । शासकीय स्वरूप निर्धारण गर्दा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री जेमा सहमति हुँदा पनि तात्विक अन्तर देखिँदैन । प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुँदा निरंकुशताको खतरा हुन्छ भन्ने हावादारी तर्क गरेर समय बिताउनुभन्दा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीका सजिला अप्ठ्याराबारे वस्तुनिष्ठ छलफल गरेर सहमतिमा पुग्नु ठूला कम्युनिस्ट पार्टीको निम्ति श्रेयस्कर हुन्छ । दुवै अवस्थामा स्थायित्व र विदेशी हस्तक्षेपमुक्त शासन व्यवस्था कायम गर्न सकिन्छ । मूल कुरा शासकीय स्थायित्वको हो, प्रत्यक्ष निर्वाचित राष्ट्रपति कि प्रधानमन्त्री भन्ने कुरा प्रमुख होइन ।

विगतको संविधानसभाले गरेका सहमतिलाई ग्रहण गरी संघीयता र शासकीय स्वरूपका विवादित विषयलाई टुंगो लगाएर मात्र संविधानलाई अन्तिम रूप दिन सकिन्छ । सो कार्य त्यतिवेला सम्भव छ, जतिवेला एमाओवादी नेतृत्वको मोर्चाको समेत सहमति हुन्छ । तर, दुईतिहाइको दम्भ देखाएर एमाओवादी नेतृत्वको मोर्चालाई वाइपास गर्ने सोच कसैले राखेको छ भने त्यो दुर्भाग्यसिवाय केही हुन सक्दैन ।

करिब एकतिहाइ सिट प्राप्त गरेको नेपाली कांग्रेस आज बहुमत जितेजस्तै दम्भ प्रदर्शन गर्न थालिसकेको छ । कांग्रेस सबैभन्दा ठूलो पार्टी हुँदा अरु पार्टीलाई कसरी पेल्छ भन्ने विगतका घटना ताजै छन् । सबै पद उसैलाई चाहिने संविधानका अन्तरवस्तु आफैँले भने जस्तो हुनुपर्ने । राष्ट्रपति र प्रधानमन्त्री आफ्नै पोल्टामा पारेर कम्युनिस्टलाई पेल्ने योजना कसिसकेको छ कांग्रेसले । माले, मन्डले र मसाले एउटै हुन् भन्ने गिरिजाप्रसाद कोइराला नरहे पनि त्यो भावना बोकेरै कांग्रेस हिंडिरहेको छ । नेपाली कांग्रेस सांसद खरिद बिक्री गरेर भए पनि आफू नेतृत्वको सत्ता निर्माण गर्न, विदेशीको रंगशाला कायमै रहने गरी शासकीय स्वरूप निर्माण गर्न र तत्कालीन राजा वीरेन्द्रकालीन विकास क्षेत्रीय प्रकारको नाम मात्रको अधिकारविहीन संघीयताको निर्माण गर्न चाहन्छ । के नेपालका कम्युनिस्ट त्यस्तै चाहन्छन् ? या उनीहरु संविधानसभालाई वैद्यले भनेजस्तो तिलाञ्जली दिन चाहन्छन् ? एमाओवादी र नेकपा एमालेको चेत खुल्ने वेला भएन र ?

## वीरगन्ज नर्सिङको तीनवर्षे बिएन कार्यक्रम असफल

काठमाडौं । नर्सिङ क्याम्पस वीरगन्जले यसै वर्षदेखि सुरू गरेको तीनवर्षे बिएन (ब्याचलर इन नर्सिङ) कार्यक्रम कक्षा सञ्चालन हुनै नपाई 'असफल' भएको छ । आफ्नो आंगिक क्याम्पसमा सुरू गरेको कार्यक्रम असफल भएपछि त्रिभुवन विश्वविद्यँलय चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम)ले भर्ना भएका १३ विद्यँर्थीलाई गोप्य रूपमा अन्य आंगिक क्याम्पसमा स्थानान्तरणको तयारी गरेको छ ।

स्रोतका अनुसार आइओएमले वीरगन्जमा भर्ना भएका १३ विद्यँर्थीलाई काठमाडौं र पोखरामा रहेका आफ्ना आंगिक क्याम्पसमार्फत अध्ययन व्यवस्था मिलाउन निर्देशन दिएको छ । 'भर्ना भई बिचल्लीमा परेका १३ मध्ये सातजनालाई नर्सिङ कलेज महाराजगन्ज र ६ जनालाई नर्सिङ कलेज पोखरामा पठाई अध्ययन व्यवस्था मिलाउन निर्देशन दिएको छ,' स्रोतले नयाँ पत्रिकासँग भन्यो । यद्यपि पोखरा नर्सिङ कलेजले आफूसँग वीरगन्जका चारजना विद्यार्थीमात्रै सम्पर्कमा आएको जनाएको छ ।

नियमानुसार कुनै पनि क्याम्पसमा नयाँ कार्यक्रम सुरू गर्नुअघि सो क्याम्पसको सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । जनशक्ति र भौतिक पूर्वाधार ( सम्भाव्यता अध्ययन) हेर्नका लागि आइओएमले स्थानीय तहमा टोली खटाउँछ । तर, वीरगन्ज नर्सिङ क्याम्पसमा त्यसको प्रभाव नै देखिएन । आइओएमले तीनवर्षे कोर्समा २० सिट सञ्चालनका लागि अनुमति दिए पनि आवश्यक क्याम्पसले आवश्यक शिक्षकको व्यवस्था गर्न सकेन । २० सिट क्षमताको तीनवर्षे बिएनमा भर्ना अवधिभर १३ विद्यँर्थी भर्ना भएका थिए ।

विद्यार्थी भर्ना लिइसकेपछि गत मंसिरको पहिलो साता आइओएमले काठमाडौंमा गरेको नर्सिङ क्याम्पस प्रमुखको बैठकमा वीरगन्जकी क्याम्पस प्रमुख भुवनकुमारी डंगोलले विद्यँर्थी भर्ना भए पनि चार शिक्षक अभाव भएको बताएकी थिइन् । उनले नयाँ कार्समा बेसिक साइन्स (भाग १ र भाग २) अंग्रेजी र कम्प्युटर विषयसमेत भएको भन्दै ती विषय पढाउने शिक्षक नभएको जानकारी दिएकी थिइन् । आइओएमले भने कक्षा सञ्चालन हुने वेलासम्म व्यवस्था गरिदिने आश्वासन दिएको थियो । तर, अन्य क्याम्पसमा कक्षँ सञ्चालन भएको महिना दिन नाघिसकेपछि मात्रै अहिले आइओएम व्यवस्थाका लागि तातेको छ ।




# मधेसमा महिलामाथि किन अत्याचार

*आर.के. रन्जितकार*

समयको मागसँगै शासन प्रणालीमा परिवर्तन भईरहेको हुन्छ । जब–जब शासकले शासित क्षेत्रका बासिन्दालाई शोषण, दमन, अत्याचार गर्न थाल्छन् त्यतिबेला शासकको विरोधमा जनता उत्रिन बाध्य हुन्छन् । नेपालमा पनि राणा शासन होस वा शाही शासन उनीहरूको हैकमवादी एकतन्त्रीय शासनको विरोधमा पटक-पटक नेपाली जनता आन्दोलन गर्न बाध्य भएको कुरा सबैलाई अवगत नै रहेको छ । राणा शासन होस् वा शाही शासन होस् त्यसको अन्त्य गरी लोकतन्त्र स्थापना गर्नका लागि नेपाली नागरिक सडकमा उत्रिएकै हुन् । फलस्वरूप नेपालमा प्रजातन्त्र स्थापना भयो ।

नेपाल अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधानको नियम कानुन लेख्ने पक्रियामा रहेको सबैलाई थाहा नै छ । यद्यपी राजनीतिक दलका आ-आत्नै अडान एवं मुद्दाको कारण संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान लेख्ने कार्यमा अवरोध आएको छ । हामी नेपालीले खोजेको नयाँ संविधान कहिले र कस्तो आउने हो त्यो प्रतिक्षाको घडीमा रहेको छ । तर नेपालीहरूको बलिदान एवं योगदानले नेपालीहरूले प्राप्त गरेको प्रजातन्त्र होस् वा गणतन्त्रको उपभोग आम नेपालीले गर्न नपाएको यर्थात कुरा पनि कसैबाट लुकेको छैन । गणतन्त्र होस् वा प्रजातन्त्र, यो हुनेखाने पहुँचवाला अर्थात ठूलाबडाकै लागि मात्र हो ।

गाउँ गाउँमा बसेका आम नेपालीहरूले गणतन्त्र के हो ? गणतन्त्र कुन जीवको नाम हो ? यसबाट के हुन्छ ? भन्ने कुरा थाहा पाउन सकेका छैनन् । गणतन्त्रको उपभोग आम नेपालीले गर्न नपाएको अवस्था रहेको छ । त्यसमा पनि आधा आकाश ढाकेका महिलाले त गणतन्त्रको उपभोग गर्नु भनेको फलामको चिउरा चपाउने सरह मात्र हो । केही पहुँचवाला पुरुष एवं महिलाहरू बाहेकका महिला तथा पुरुषअरू अझै पीडाले पिरोलिरहेका छन् । यहाँका नागरिकले गणतन्त्रको उपभोग गर्न नपाएको समयमा त्यसमा पनि केही बाहेक घरमा बन्धक/कैदी झैं बाँच्न पाएका महिलाको अवस्था कस्तो हो । निश्चय नै महिलाको अवस्था दयनीय रहेको पछिल्लो घटनाक्रमले देखाईरहेको छ ।

भर्खरै बारा प्रस्टोकाकी बिन्दुकुमारी ठाकुरलाई जलाएर हत्या गरिएको घटना होस् वा बदियाँकी शिवा हासमीको हत्या वा दैलेख नारायण नमुना बस्तीकी कमारो सार्कीलाई हत्या गर्ने प्रयास होस् । यी हालैका केही प्रतिनिधि पात्र मात्रै हुन् । यी र यस्ता घटना पछिल्ला दिनमा कति भए कति त्यसको लेखाजोखा गर्दै जाँदा नोट बुकका पाना नै भरिन्छ । मुख्य कुरा यस्ता घटना किन हुन्छ ? त्यसको बारेमा खोजबिन गर्न जरूरी रहेको छ । बारम्बार यस्ता घटना भईरहनुको कारण के होला त्यसको बारेमा सत्य तथ्य बाहिर ल्याउन जरूरी रहेको छ । सर्वप्रथम त यस्ता घटनाका कारणको बारेमा बुझेर त्यस समस्याको समाधान गर्नु नै उत्तम उपाय हो ।

हल्लाको भरमा पछि लाग्नुभन्दा पनि वास्तविकता के हो त्यो बुझ्न जरूरी रहेको छ । महिला हिंसा हुनुको मुख्य कारण नै पुरुष हुन भन्ने केहीको बुझाई र त्यसैको भरमा हल्ला गर्ने सोचाई समस्याको समाधान होईन् । घटनाको अनुसन्धान गर्दै जाने हो भने महिला हिंसाको पछाडी जति पुरुषको हात हुन्छ त्यसको कति गुणा बढी अन्य महिलाको संलग्ता समेत रहेको हुन्छ । शिवा हासमीको हत्या कसरी र किन भयो बुझ्दै जाँदा उनकै आमा त्यस हत्यामा संलग्न रहेको पाइयो । बिन्दु ठाकुरको हत्या किन भयो अनुसन्धान गर्दै जाँदा उनकै परिवारका बुवा, आमा लगायतको संलग्नता रहेको पुष्टी अनुसन्धानकर्ताले गरिसकेका छन् । अर्थात महिला हिंसाका दोषी पुरुष मात्रै नभई महिलाहरू समेत घटनामा कतै न कतैबाट संलग्न रहेको पुष्टी हुन्छ । पीडित महिला र पीडक पुरुष भएर कुनै घटना हुदैन । कुनै पनि घटनाको पीडित वा पीडक छुट्याएर नहुने कुरा बुझ्नु जरूरी रहेको छ ।

सन् १९९० को नोभेम्बर २५ लाई संयुक्त राष्ट्रसंघले महिला हिंसाविरूद्धको अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने निर्णय भएको थियो । सन् १९९१ देखि प्रत्येक वर्ष नोभेम्बर २५-१० सम्म महिला हिंसाविरूद्धको सचेतना अभियानको रूपमा विश्वमा मनाउँदै आएको छ । यस अभियानलाई नेपालमा पनि मनाउने गरिएको छ । यो अभियान मनाउँदै गर्दा यस्ता घटना भएका छन् । के गर्दै छ अन्तर्राष्ट्रिय समाज ? के गर्दै छ हाम्रो सरकार ? औपचारिकताबाहेक सरकारले अरू केही गर्न नचाहेको पनि प्रष्ट हुन्छ । एकपछि अर्को घटना हुँदै गईरहेको सरकार रमिते भएको छ ।

यसमा केही संस्थाहरूले औपचारिकता पुरा गर्नेका लागि विज्ञप्तिको होडबाजीमा लागेका छन् । एउटा विज्ञपति निकाल्दैमा, एक दिन केही संख्यामा दुईचार नारा लगाउँदैमा यो समस्या समाधान हुने त होईन नि ? यो कुरा उनीहरूले पनि बुझेकै छन् । निकम्मा, बहिरा सरकारलाई त दिनहुँ दबाब दिन आवश्यकता रहेको छ । विज्ञपति निकाल्दैमा आत्नो जिम्मेवारी पुरा हुन्छ भन्ने छैन् ।

हाम्रो समाज २१औं शताब्दीमा रहेको भएपनि समाजिक तथा रूढीवादी परम्परावादी सोचको कारण धेरै पछाडी रहेको छ । अहिले पनि हाम्रो समाजमा दाईजो, रूढीवादी सोच, अशिक्षा, यौन हिंसा, जातीय विभेद, लैङ्गिक विभेद, पितृसत्तात्मक सोच लगायतका कारण हिंसाका घटना बढ्दै गईरहेको छ । हिंसाका घटना हाम्रो समाज यिनै कारणले भईरहेको जसको बारेमा जनचेतना जगाउन जरूरी छ । पीडितलाई न्याय दिलाउन तथा पीडकलाई कानूनी कठघारामा ल्याएर कारबाही गर्नको लागि बलियो कानूनको समेत आवश्यकता रहेको छ । यहाँ राज्य छ, सरकार छ तर यी सबै घटनाहरू ऊ टुलुटुलु हेरिरहेको छ ।

कानून छ तर निर्जीव सरह छ । अपराधीहरू अपराध गर्छन् तर उनीहरू कारबाहीमा पर्देनन् । केही दुई चार दिन परेपनि पुण्य गरेझैं सिना तानेर हिंड्ने गर्छन् । विभिन्न गैरसरकारी संस्था तथा महिला संगठनको काम भनेको वक्तव्यबाजी गर्ने मात्र हो । एउटा सशक्त कानून तथा हिंसाको विरोधमा उनीहरूले कडा आन्दोलन गर्नु आवश्यक छ । वक्तव्यले मात्रै यो बहिरा सरकार सुन्नेवाला छैन् । त्यसैले शसक्त तथा बलियो कानुनको लागि कडा आन्दोलन गर्न जरूरी छ ।

# जिल्ला बारको भवन निर्माण गर्न ५० लाख अनुदान

काठमाडौं । सरकारले काठमाडौं जिल्ला अदालत बार एसोसिएसनको भवन निर्माणका लागि ५० लाख रूपैयाँ अनुदान दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को १७ मंसिरको बैठकले बारको भवन निर्माणका लागि अनुदान दिने निर्णय गरेको हो ।

भवन निर्माणका लागि बारका तर्फबाट भने एक करोड रूपैयाँ मागेको थियो । कानुन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्को बैठकले भवन निर्माणका लागि सो रकम अनुदान दिने निर्णय गरेको हो ।

वहालवाला प्रधानन्यायाधीशसमेत रहेका खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष समेत रहेका वेला भवन निर्माणका लागि रकम अनुदान दिने निर्णय भएको हो । निर्णयअनुसारको रकम भने निकासा भएको छैन । निकासाका लागि प्रक्रिया सुरु भइसकेको बारले जनाएको छ ।

'विगत चार महिनादेखि हामीले निरन्तर भवन निर्माण सहायतका लागि आग्रह गर्दै आएका थियौं,' काठमाडौं जिल्ला अदालत बार एसोसिएसनका अध्यक्ष श्रीराम दवाडीले भने, 'अनुदान रकम दिने निर्णय भएको छ, निकासाका लागि हामी प्रक्रिया मिलाइरहेका छौं ।' बारले भवनसमेत सरकारी जग्गामा नै बनाउन लागेको हो । हाल काठमाडौं जिल्ला अदालत बबरमहलको नयाँ भवनको उत्तरतिर उक्त भवन बन्न लागेको हो । दुई कित्तामा गरेर साढे चार आना जग्गामा उक्त भवन बनाउन लागिएको हो ।

भवन निर्माणका लागि ठेकेदार कम्पनीसँग सम्झौता भइसकेको छ । जिल्ला बारको अघिल्लो कार्यसमितिअन्तर्गत रहेको भवन निर्माण समिति र ठेकेदार कम्पनीबीच भवन निर्माण सम्झौता भइसकेको छ । भवन निर्माणका लागि एक करोड ५३ लाख ५० हजार रूपैयाँमा सम्झौता भएको छ ।

जिल्ला बारको भवन निर्माणको प्रयास लामो समयदेखिको हो । भवन निर्माणमा आन्तरिक किचलो र आर्थिक अनियमितताको आरोप लाग्दै आएको छ । बारको अघिल्लो कार्यसमितिले भने प्राविधिक कारणले भवन निर्माणको कामअघि बढाउन नसकेको बताउँदै आएको थियो ।

वहालवाला प्रधानन्यायाधीश समेत रहेका रेग्मीलाई मन्त्रिपरिषद्अध्यक्ष बनाउने विषयमा नेपाल बार एसोसिएसन, सर्वोच्च अदालत बार एसोसिएसनसँगै काठमाडौं जिल्ला बारले पनि विरोध गरेको थियो । हाल सर्वोच्च फर्कन रेग्मीको मनस्थितिसम्म आइपुग्दासमेत सम्पूर्ण बारको धारणा यथावत छ । तर, रेग्मी नेतृत्वको मन्त्रिपरिषद्ले भने आफूलाई विरोध गरिरहेको संस्थालाई भवन निर्माणका लागि आर्थिक अनुदान दिने निर्णय गरेको हो । धेरैले यसलाई अर्थपूर्ण रूपमा हेरेका छन् ।

## vjlsb

# मनाङले जित्यो एनसेल कप



काठमाडौं । विगर सुजल श्रेष्ठको निर्णायक गोलको मद्दतमा मंगलबार साबिक विजेता मनाङ मर्स्याङ्दी क्लबले एनसेल कप फुटबल प्रतियोगिताको उपाधि रक्षा गरेको छ । दशरथ रंगशालामा सम्पन्न रोमाञ्चक फाइनलमा ब्वाइज युनियन क्लबलाई १-० ले स्तब्ध पार्दै मनाङले लगातार दोस्रोपटक उपाधि चुमेको हो ।

खेलको ११६औं मिनेटसम्म मनाङलाई गोलरहित बराबरीमा रोकेको ब्वाइजले खेलको ११७औं मिनेटमा गोल बेहोर्‍यो । सुजललाई योना इलियासले पास उपलब्ध गराएका थिए । सुजलले डिबक्सभित्रैबाट दोस्रो बारको कुना च्याप्दै मनाङका लागि निर्णायक गोल गरे । सुजलले गोल गर्नुअघि योनालाई सुलभले पास दिएका थिए । यस सिजनमा उत्कृष्ट प्रदर्शन जारी राखेको मनाङको चौथो उपाधि हो । गत जेठदेखि सहभागिता जनाएको सबै प्रतियोगितामा मनाङले फाइनल खेलेको छ । जेठमा पहिलो नकआउट प्रतियोगिताको उपाधिका रूपमा मनाङले गोर्खा कप उचाल्यो ।

त्यसपछि साउनमा भुटानमा भएको किंग्स कपको उपाधि चुमेको मनाङले कात्तिकमा तेस्रो सफल पोखरा कप जित्दै उपाधिमाथि ह्याट्रिक गर्‍यो । गत मंसिर पहिलो साता गभर्नर्स गोल्डकपको फाइनल खेलेको मनाङ श्री स्टारसँग पराजित हुँदै उपाधिबाट वञ्चित भएको थियो ।

एक महिना बित्न नपाउँदै मनाङले काठमाडौंमा अर्को ठूलो उपाधि चुम्यो । यता, ३० वर्षपछि पहिलोपटक फाइनल खेलेको ब्वाइज उपाधिबाट वञ्चित भयो । ०३२ सालको 'ए' डिभिजन लिग विजेता ब्वाइजले ०४० मा काठमाडौंमा आयोजित शुभजन्मोत्सव कप जितेको थियो । ब्वाइज ०६५ को लिगमा रेलिगेसनमा पर्दै 'बी' डिभिजनमा झरेको थियो । गत वर्ष 'बी' डिभिजन च्याम्पियन हुँदै 'ए'मा फर्किएको ब्वाइजले एनसेल कपमा उत्कृष्ट प्रदर्शन गरेको थियो । माथिल्लो डिभिजनमा फर्कयता सहभागी भएको तेस्रोमध्ये दोस्रो फाइनल खेलेको ब्वाइजले मनाङविरूद्ध कडा रक्षापंक्ति तथा आकर्षक खेल प्रस्तुत गर्‍यो ।

तीन दशकपछि पहिलो उपाधि जित्ने अभियानमा लागेको ब्वाइजले मनाङलाई निर्धारित ९० मिनेटको खेलसमेत गोलरहित बराबरीमा रोकेको थियो । मनाङले दर्जन बढी गोल अवसर खेर फालेको थियो । मनाङले उपाधिसहित १५ लाख रूपैयाँ जितेको छ । उपविजेता ब्वाइज सात लाखमै चित्त बुझायो । सेमिफाइनलिस्ट सेना र संकटा क्लबले समान एक लाख ५० हजार प्राप्त गरेका छन् ।

**उत्कृष्टको सूचीमा ब्वाइज युनिएन अघि**

उपाधि चुम्न नसके पनि प्रतियोगिताको उत्कृष्ट खेलाडीको सूचीमा ब्वाइज अघि देखिएको छ । ब्वाइजले सर्वोत्कृष्ट खेलाडी, प्रशिक्षक, डिफेन्डर र गोलरक्षकको उपाधि जित्यो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी स्ट्राइकर असिमजंग कार्की घोषित भए । उत्कृष्ट प्रशिक्षक विजय महर्जन, उत्कृष्ट डिफेन्डर रवि सिलवाल तथा उत्कृष्ट गोलरक्षक राजु योगी घोषित भए । सर्वोत्कृष्ट घोषित कार्कीले यामाहाको एउटा मोटरसाइकल प्राप्त गरे भने उत्कृष्ट घोषित अन्यले जनही ७५ हजार रूपैयाँ प्राप्त गरे ।

यस्तै प्रतियोगिताको उत्कृष्ट फर्वाड मनाङका अनिल गुरूङ घोषित भए भने उत्कृष्ट मिडफिल्डर सुजल श्रेष्ठ घोषित भए । अनिल र सुजलले पनि व्यक्तिगत ७५-७५ हजार रूपैयाँ प्राप्त गरेका छन् ।

# बायर्न फाइनलमा

लन्डन । जर्मन क्लब बायर्न म्युनिख फिफा क्लब विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ । मोरक्कोको अगाडिर रंगशालामा मंगलबार राति सम्पन्न सेमिफाइनलमा एसियन च्याम्पियन चीनको ग्वान्जाउ इभरग्रान्डीलाई ३-० ले पराजित गर्दै बायर्न फाइनलमा पुगेको हो ।

सन् २०१२-१३ को सत्रमा बायर्न पाँच उपाधिनजिक पुगेको छ । बायर्नले अब फाइनलमा दक्षिण अमेरिकन च्याम्पियन एटलेटिको मिनेरो तथा मोरोक्को लिग च्याम्पियन राजा कासाब्लान्काबीचको विजेतासँग आउने शनिबार प्रतिस्पर्धा गर्नेछ । बायर्न पहिलोपटक क्लब विश्वकप फाइनलमा पुग्दा प्रशिक्षकका रूपमा पेप ग्वार्डिओलाको तेस्रो उपाधि भिडन्त हो ।

यसअघि पेपले बार्सिलोनालाई दुईपटक फाइनलमा पुर्‍याएका थिए । दुवैपटकको फाइनलमा बार्सिलोना विजयी रह्यो । बायर्नले सत्रमा बुन्डेस लिग, जर्मनी कप, युरोपियन सुपर कप तथा च्याम्पियन्स लिग उपाधि उचाकेको छ । बायर्नलाई अन्तिम दुईको स्थान पक्का गराउन फ्र्यांक रिबेरी, मारिओ मान्जुकिक र मारियो गोट्जेले एक-एक गोल गरेका थिए । बायर्नले खेलको ४०औं मिनेटबाट अग्रता लिएको थियो ।

तीन गोल खाएपछि एसियन च्याम्पियन ग्वान्जाउले बलियो रक्षापंक्ति प्रस्तुत गर्दा युरोपियन च्याम्पियन्स लिग च्याम्पियन बायर्नले थप गोल गर्न सकेन । उत्कृष्ट प्रदर्शन गरेको बायर्नले खेललाई एकपक्षीय बनाएको थियो । बायर्नले ग्वान्जाउविरूद्ध पहिलो हाफमा ७० प्रतिशत बल आफ्नो नियन्त्रणमा राखेको थियो बायर्नको पाँच प्रहार क्रसबारमा लागेर फर्किएको थियो । दोस्रो हाफमा ग्वान्जाउका गोलरक्षक जेङ चेङले पनि गोलका केही राम्रा अवसर रोकेका थिए ।

# जैविक मलको प्रयोग बढ्दै

अर्घाखाँची । रासायनिक मल र विषादी प्रयोगले उत्पादन गरिएका तरकारीले मानिसको स्वास्थ्यमा असर पार्ने जानकारी पाएपछि किसानले गाईभैंसीको पिसाबमा पानी राखी विरूवामा छरेर खेती गर्न थालेका छन् ।

भैंसीगोठमा भकारो सुधार गरी भैंसीको पिसाब संकलन गरी ड्रममा जम्मा गर्ने र पिसाबमा पानी मिसाई विरूवामा राख्ने गरेको नुवाकोट निमडाँडाका खिमबहादुर क्षेत्रीले बताए । उनले बारीमा रासायनिक मल र विषादी प्रयोगविना लगाएको आलु, बन्दा, प्याज र सिमीलगायत तरकारी बजार लग्नासाथ बिक्री हुने गरेको जानकारी दिए ।

दुई वर्ष पहिलेसम्म रासायनिक मल र विषादी प्रयोग गर्ने कृषक आजभोलि गोबर मल, कम्पोस्ट मल र गाईभैंसीको पिसाब प्रयोग गरी तरकारीखेती गर्दै आएका छन् । उनी मात्र होइन, नुवाकोटका झन्डै ९० घरपरिवारका किसान अर्गानिक खेतीमा लागेका छन् । दुई वर्ष पहिले सिक्रेड नेपाल नामक संस्थाले गाउँका कृषकलाई जम्मा गरी समूह निर्माण गरी गोबर मल, कम्पोस्ट मल र गाईभैंसीको पिसाब प्रयोग गरी तरकारीखेती गर्न सिकाएपछि गाउँका सबैले अर्गानिक खेती सुरु गरेको स्थानीय लक्ष्मी श्रेष्ठले बताइन् ।

नुवाकोट लम्चीकी शर्मिला आचार्यले अहिले दैनिक संकलन गरेको पिसाब तरकारी खेतीमा राख्न सुरु गरेको बताउँदै भनिन्, 'पहिलेजस्तै भैंसीको पिसाब भकारामै खेर जान दिँदैनौं । पिसाब खेतबारीमा राख्न थालेपछि रासायनिक मल प्रयोग हुन छाडेको छ । गाईभैंसीको पिसाब एक थोपा पनि खेर जान दिँदैनौं ।'

गाईभैंसीको पिसाब प्रयोग गर्दा युरियाले भन्दा दोब्बर उत्पादन भएको उनको भनाइ छ । कृषकलाई घरमा पालेको गाईभैंसीको पिसाबको खासै महत्व थिएन, त्यसै खेर जान्थ्यो । गोबर मलतिर मात्रै ध्यान थियो, तर अहिले गोबर मलभन्दा पिसाबको धेरै महत्व बढ्दै गएको छ । नुवाकोट, ढिकुरा र धनचौरका कृषकले पिसाब संकलन गर्ने अभियानै चलाएका छन् । अन्नदेखि तरकारी, फलफूलसम्ममा पिसाब राखेपछि राम्रो उत्पादन हुन थालेको छ ।

## /Elg va/



# सकियो किम्फ

काठमाडौं । काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) आइतबार सकिएको छ ।

महोत्सवमा मिसेल इबाभानद्वारा निर्देशित मेक्सिकन डकुमेन्ट्री 'नो प्लेस इज फार अवे'ले अन्तर्राष्ट्रिय प्रतिस्पर्धातर्फ १५ सय अमेरिकी डलरको प्रथम पुरस्कार जित्यो । आधुनिक भौतिक संरचनाको निर्माणले गर्दा मेक्सिकोको ताराहुमारा पर्वत क्षेत्रमा बसोवास गर्ने रैथाने समुदाय विस्थापित हुन सक्ने कथा डकुमेन्ट्रीमा समेटिएको छ ।

स्विजरल्यान्डको डकुमेन्ट्री 'ब्रेथिङ दी स्मेल अफ दी स्काई'ले एक हजार डलरको दोस्रो पुरस्कार पाएको छ । बेनाइट आइमनद्वारा निर्देशित डकुमेन्ट्री आठ हजार मिटरभन्दा अग्ला सबै पर्वत आरोहण गरेका संसारकै तेस्रो आरोही इर्हाड लोरेटनप्रति समर्पित छ । ५२ वर्षकै उमेरमा एल्प्स पर्वतशृंखलामा काम गर्ने वेला हुने उनको असामयिक निधनको प्रसंगलाई डकुमेन्ट्रीमा चित्रण गरिएको छ ।

किम्फको तेस्रो अवार्ड नेपाल र स्विजरल्यान्डको संयुक्त प्रस्तुति रहेको 'हेलिकप्टर रेस्क्युएर इन दी हिमालय'ले पाएको छ । हरि थापा र फ्रान्स सेनद्वारा निर्देशित यस डकुमेन्ट्रीमा फिल्ममा जोखिमपूर्ण पर्वतहरूमा फसेका आरोहीलाई हेलिकोप्टरमार्फत गरिने उद्धार कार्यको कथा छ । नेपाली पाइलट सबिन बस्नेत र उद्धारकर्मी पूर्ण अवालेको दुःखपूर्ण निधनलाई पनि यसमा समेटिएको छ । डकुमेन्ट्रीले पाँच सय डलरको पुरस्कार पायो ।

सहारा शर्माको फिल्म 'चेजिङ रेन्बोज'ले भने नेपाली फिल्महरूको प्रतिस्पर्धा नेपाल प्यानोरमातर्फको फिक्सन विधामा उत्कृष्ट पुरस्कार जितेको छ । राजधानीबाहिरबाट काठमाडौं आएर बसेका तीन दाजुबहिनीले आफ्ना सपना पूरा गर्न गरेका संघर्षको कथा फिल्ममा छ । फिल्मले २५ हजार रूपैयाँ हात पारेको छ । जापानको रेस्टुरेन्टमा मजदुरी गर्ने नेपालीको कथाव्यथा समेटिएको डकुमेन्ट्री 'प्लेइङ विथ नान'ले नेपाल प्यानोरमाको ननफिक्सनतर्फ उत्कृष्ट नेपाली फिल्मको अवार्ड जित्यो । दीपेश खरेल र आसामीद्वारा निर्देशित फिल्मले पनि २५ हजार रूपैयाँ पाएको छ ।

इसिमोडको प्रायोजन रहेको 'बेस्ट फिल्म अन माउन्टेन डिभलपमेन्ट' अवार्ड भुटानी डकुमेन्ट्री 'एटिसिक्स सेन्टिमिटर्स'ले पायो । छिरिङ ग्येल्सथेन र पिटर बर्गद्वारा निर्देशित फिल्मा भुटानका हिमनदीको बाटो खुलाउन मजदुरले गर्ने कष्टप्रद श्रमको कथा रहेको छ । यसले एक हजार अमेरिकी डलर जितेको छ । दर्शक भोटका आधारमा प्रदान गरिने अडियन्स च्वाइस अवार्ड क्रिस्टोफ स्वेगर निर्देशित डकुमेन्ट्री 'कम्लहरी : नेपाल्स स्टोलन चाइल्डहुड'ले पाएको छ ।

महोत्सवका निर्णायक मण्डलमा नेपालकी समाजशास्त्री द्युति बराल, बेलायतका पत्रकार स्टेफन गुडविन र स्विजरल्यान्डका आरोही रोजर ब्रुनर थिए । हिमाल एसोसियसनको आयोजनामा पाँच दिन चलेको महोत्सवमा २० देशका ४७ फिल्म देखाइए । महोत्सवको समापन क्याप्टेन जोन नोयलद्वारा निर्देशित बेलायती डकुमेन्ट्री 'द इपिक अफ एभरेस्ट'को प्रदर्शनीबाट गरिएको थियो ।

# शारदाको समयको तस्बिर

काठमाडौं । लेखिका शारदा शर्माको मुक्त आलेखहरूको संग्रह 'समयको तस्बिर' सार्वजनिक भएको छ । विभिन्न समयमा शारदाले लेखका राजनीतिक तथा गैरराजनितिक निबन्ध लेखको संग्रह संस्कृतिविद् सत्यमोहन जोशीले शुक्रबार काठमाडौंमा विमोचन गरेका हुन् ।




पुस्तकको सार्वजनिक गर्दै जोशीले शारदाका निबन्धको खुलेर प्रशंसा गरे । उनले शारदाका निबन्धमा दार्शनिक पक्ष अत्यन्त सशक्त हुने र त्यसले हामी बाँचेको समयको वास्तविक चित्र उतार्न सफल भएको दाबी गरे । 'यस्ता लेख त अंग्रेजीमा पनि अनुवाद भए राम्रो हुने थियो,' जोशीले भने, 'शारदाका निबन्ध अत्यन्तै प्रभावशाली छन् ।'

५२ निबन्ध समेटिएको शारदाको पुस्तकमा छाया राजनीति र शब्द सौन्दर्य गरी दुइ खण्ड बनाइएको छ । 'पढ्न सजिलो होस् भनेर यसो गरेकी हुँ,' शारदाले भनिन्, 'मेरा लेख राजनीतिक लेख होइनन्, तर यहाँ राजनीतिबाट अछुतो के नै पो छ र ?' सार्वजनिक कार्यक्रममा उनको शब्द सौन्दर्य खण्डबारे साहित्यकार सुधा त्रिपाठीले टिप्पणी गरेकी थिइन् । त्यस्तै, राजनीतिक छाया खण्डबारे कांग्रेस नेता गगन थापाले समीक्षा गरेका थिए । थापाले शारदाको लेखनमा परिवर्तनको आवश्यकतालाई इंगित गर्ने शक्ति आभास गर्न सकिने बताए । शारदाको पुस्तक साङ्ग्रिला बुक्सले बजारमा ल्याएको हो ।

# नागरिकतासम्बन्धी भिडियो

काठमाडौं । सन्देशमूलक सिंगल ट्र्याक 'नागरिकता हामी सबै नेपालीको पहिचान'को म्युजिक भिडियो बजारमा आएको छ ।

सञ्चारकर्मीसमेत रहेका गीतकार गोपाल घिमिरेको परिकल्पना तथा निर्देशनमा तयार भएको गीतमा नागरिकता प्राप्तिको प्रक्रियाबारे वर्णन गरिएको छ । वास्तविक नागरिकले पनि नागरिकता लिन कठिनाइ भएको र गैरनेपालीले लिइरहेको खबर आइरहेकाले चेतना जगाउन संगीतको माध्यम अपनाइएको घिमिरेले बताए । महिला, कानुन र विकास मञ्चले निर्माण गरेको भिडियोको गीतरचना घिमिरे र सुभद्रा बस्यालले गरेका हुन् । विकास चौधरीको संगीत रहेको गीत राजेशपायल राई र टीका प्रसाईंले गाएका छन् । गीतको भिडियोमा बुद्धिसागर लामिछाने 'राजु बजाज' र अन्जु निरौलाका साथमा मोती जैसी, सुषमा थापा, प्रकाश श्रेष्ठ, सादा थापालगायत कलाकारको अभिनय हेर्न सकिन्छ ।

## skt/ 6

# सिद्धार्थको नाफा बढ्यो

काठमाडौं । सिद्धार्थ बैंकले चालू आवको पहिलो त्रैमासिकमा १० करोड ५६ लाख रुपैयाँ नाफा आर्जन गरेको छ । त्रैमासिकमा बैंकले २ करोड १५ लाख रुपैयाँ खुद मुनाफा गरेको थियो । अघिल्लो आवमा बैंकले ४९ करोड ४ लाख रुपैयाँ खुद मुनाफा आर्जन गरेको थियो ।

बैंकको खुद ब्याज आम्दानीमा भएको वृद्धि र प्रोभिजन रकम घटेका कारण खुद मुनाफा बढ्न गएको हो । अघिल्लो त्रैमासिकमा १८ करोड २६ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको बैंकले यो त्रैमासिकमा २२ करोड ५८ लाख रुपैयाँ नाफा गरेको छ । बैंकको प्रतिसेयर आम्दानी २६ रुपैयाँ ९ पैसा, मार्केट भ्यालु प्रतिसेयर ३ सय ९२ रुपैयाँ रहेको छ ।

# सूर्या लाइफमा घिमिरे

काठमाडौं । सूर्या लाइफ इन्स्योरेन्स कम्पनीको महाप्रबन्धकमा गोपाल घिमिरे नियुक्त भएका छन् । १० वर्षभन्दा बढी समय व्यवस्थापकीय अनुभव सँगालेका घिमिरेलाई शुक्रबारदेखि लागू हुने गरी कम्पनी सञ्चालक समितिले महाप्रबन्धकमा नियुक्त गरेको हो । घिमिरेले त्रिभुवन विश्वविद्यालय तथा पूर्वाञ्चल विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका छन् । यसअघि उनले कुबेर मर्चेन्ट फाइनान्समा महाप्रबन्धक, वर्ल्ड मर्चेन्ट बैंकिङ एन्ड फाइनान्समा नायब महाप्रबन्धक र बिमा क्षेत्रमा ८ वर्षको व्यवस्थापकीय अनुभव प्राप्त गरिसकेको कम्पनीले जनाएको छ ।

# तामाङलाई प्रभुको कार

काठमाडौं । प्रभु मनी ट्रान्सफर कम्पनीले सञ्चालन गरेको उपहार योजनाको अन्तमा सेन्ट्रो कार बम्पर उपहार काठमाडौंकी राममाया तामाङले जितेकी छन् । २३ भदौदेखि २३ कात्तिकसम्म सञ्चालन भएको प्रभुको पास लिङ्क, महान् चाड दसैं-तिहार र छठ हर्ष र उमंगका साथ मनाऔं योजनाअन्तर्गत तामाङ कार जित्न सफल भएकी हुन् ।

कम्पनीको मुख्य कार्यालय गैह्रीधारामा आयोजना गरिएको कार्यक्रममा विजेता घोषणा गरिएको हो । अमेरिकाबाट प्रीति थापाले कन्ट्रोल नम्बर एम १११२७३१९४४१ बाट नेपालमा पैसा पठाएकी थिइन् । प्रभुको पासअन्तर्गत तामाङले स्यान्ट्रो कार जितेकी हुन् ।

# एनबीको २४औं शाखा बालाजुमा

काठमाडौं । नेपाल बंगलादेश बैंकले आफ्नो २४औं शाखा नयाँबजार, बालाजुमा खोलेको छ । शाखाको औपचारिक उद्घाटन बैंकका सञ्चालक इन्द्रबहादुर थापा तथा सभासद् रामवीर मानन्धरले संयुक्त रूपमा गरेको बैंकको सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

बैंकले शाखा विस्तार कार्यक्रमअन्तर्गत यस आर्थिक वर्षमा अरु थप शाखा सञ्जाल विस्तार गर्दै जाने जनाएको छ । गत आर्थिक वर्षमा बैंकले उल्लेखनीय सुधार गरेको जनाएको छ । गत वर्ष बैंकले ७७ करोड ८६ लाख रुपैयाँखुद नाफा गरेको जनाएको छ । निष्क्रिय कर्जा घटाएर १.३३५ अंकमा पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ । गत आर्थिक वर्षको नाफाबाट बैंकले १२ वर्षपछि पहिलोपटक आफ्ना सेयर होल्डरलाई १७.७९ प्रतिशत लाभांश दिने जनाएको छ ।

# क्लिन इनर्जी र भिएसबिकेबीच सम्झौता

काठमाडौं । क्लिन इनर्जी डेभलपमेन्ट बैंक र भिएसबिके उद्यमी व्यवसायी संघबीच वातवरणमैत्री प्रविधिमा इँटा उत्पादन गर्न सहज वित्तीय लगानीका लागि सहकार्य गर्न हस्ताक्षर भएको छ । वातावरण प्रदूषण गर्ने इँटाभट्टाको विकल्पका रूपमा भिएसबिके इँटालाई प्रोत्साहन गर्न सहकार्य भएको बैंकले जनाएको छ । उद्यमीको आवश्यकताअनुसार सहज ब्याजदरमा कर्जा उपलब्ध गराउन प्राथमिकता दिने बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । कर्जा लगानी भने धितोमा आधारित हुने बैंकले जनाएको छ ।

# प्रभु बैंकको ९ प्रतिशत बोनस सेयर

काठमाडौं । प्रभु विकास बैंकले गत आवको मुनाफाबाट सेयरधनीलाई ९ प्रतिशत बोनस सेयर वितरणको प्रस्ताव पारित गरेको छ ।

बैंक सञ्चालक समितिले पारित गरेको बोनस सेयर वितरण प्रस्ताव राष्ट्र बैंकबाट स्वीकृति लिई आगामी साधारणसभामा पेस गरिनेछ । साधारणसभाले अनुमोदन गरेपछि सेयरधनीले लाभांश पाउन सक्ने बैंकले जनाएको छ ।

# सिटिजन्स र इन्भेष्टमेन्टबीच सम्झौता

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडबीच विप्रेषण सेवा प्रदान गर्नका लागि सम्झौता भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारी तथा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत ज्योति पाण्डेले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरे । विदेशमा रहेका नेपालीले पृथ्वी रेमिटमार्फत पठाएको रकम नेपालमा रहेका बैंकका ३६ वटै शाखाबाट छिटोछरितो तथा भरपर्दो रूपमा पाउन सक्ने सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

# रिलायबल-राइजिङ सम्झौता

काठमाडौं । रिलायबल फाइनान्स र राइजिङ डेभलपमेन्ट बैंकबीच एकअर्काको चेक साट्ने सम्झौता भएको छ । सम्झौतापछि दुवै कम्पनीका ग्राहकले एकअर्को संस्थाबाट आफ्नो खाता वा आफन्तको खातामा रकम जम्मा गर्न सक्नेछन् ।

रिलायबलका काठमाडौंलगायत सम्पूर्ण शाखा र राइजिङका सबै शाखाबाट ग्राहकले सुविधा लिन सक्नेछन् ।

## काठमाडौंमा...

जितेका विभिन्न पार्टीका सभासद्हरूलाई भोज खुवाएका छन् । भोज खानेहरू एमाओवादीका अग्नि सापकोटा, एमालेका राजेन्द्र पाण्डे, मुगुका मोहन बानियाँ, मुस्ताङका रोमी गौचन, मनाङका टेकबहादुर गुरूङ, सिन्धुपाल्चोकका मोहन वस्नेत, शेरबहादुर तामाङ, गोर्खाका हितराम पाण्डे, छमबहादुर गुरूङ, दोलखाका पार्वत गुरूङ, संखुवासभाका दीपक खड्का, गंगालाल तुलाधर, ताप्लेजुङका भुपेन्द्र थेबे, डम्बरध्वज तुम्बाहाम्फे, दार्चुलाका गणेश ठगुन्ना, हुम्लाका जीवन शाहीहरू छन् । भोज खाने एक कम्युनिस्ट सभासद्का अनुसार राजदूत चुनताईले छिट्टै विशेष भेटघाट गर्न बोलाउने भनेका छन् ।

चिनियाँ कृपा र लस्करलाई निगरानी गरिरहेका भारतीय दूताबासका एक कर्मचारी भन्छन्- चीनले नेपालमा मोर्चा खोल्यो ।

## पापलाई...

नहोस् भनेर ठूलो पार्टी द्वय कांग्रेस र एमालेले प्रचण्डलाई मनाउने कसरत गरिरहेका छन् । प्रचण्ड नमानेकैले संविधानसभा डाक्न, सरकार गठन गर्न र संविधान लेखनमा ढिलासुस्ती भइरहेको छ । प्रचण्ड चुनाव हारेपनि आफ्नो राजनीतिक साख यथावत रहोस् भनेर मोलामोलाई गरिरहेका छन् । खासगरी प्रचण्ड जनयुद्धकालीन मुद्दामा दण्डित हुन नपरोस् भनेर बार्गेनिङ गरिरहेको विश्लेषकहरूको धारणा छ ।

## कमल थापालाई...

भित्रि सहमतिलाई विश्लेषकहरू कमल थापालाई प्रचण्ड तगारो भनेर तर्क गर्न थालेका छन् ।

पहिलो संविधानसभामा राजतन्त्र र हिन्दू धर्मबारे कसैले कुनै प्रस्ताव लगेनन्, चर्चा भएन । यस पटक राप्रपा नेपाल प्रमुख प्रतिपक्षी बन्यो भने पहिलो प्रस्ताव र महत्वको छलफल यही हुने भएकाले ठूला तीन दलले गोप्य सहमति गरेको खुलासा भएको छ ।

## रेग्मी...

राखिएको हुनाले उनलाई सर्वोच्च फर्कँदा कानुनी अड्चन नभएपनि नैतिक अड्चनले गर्दा बाधा पुग्ने निश्चित छ । रेग्मी सरकारले गरेका कतिपय निर्णयहरूका बारेमा सर्वोच्चामा मुद्दा परेका छन् । यदि रेग्मी प्रधानन्यायाधीशमा गएमा त्यहाँ उनले पेशी तोक्ने काम गर्ने र आफैंले गरेका निर्णयहरूका बारेमा निर्णय गर्ने भएका हुनाले त्यस्ता मुद्दाहरू माथि जनताको विश्वास घट्न सक्छ । न्यायालयले न्याय दिएर मात्र हुँदैन जनताले न्यायपाएको अनुभूति गरेमा मात्र त्यसलाई न्याय पाएको भन्न सकिन्छ । त्यसैले आफैंले गरेका निर्णयहरूका बारेमा न्याय दिन रेग्मी कुनै हालतमा पनि सर्वोच्च अदालतमा फर्किनु उपयुक्त हुँदैन ।

पूर्वप्रधानन्यायाधीशहरू र सर्वेच्च अदालतका पूर्वन्यायाधीशहरूले समेत रेग्मीलाई अब सर्वोच्च आदलतमा नजान सल्लाह दिएका भएपनि रेग्मीले कुनै प्रतिक्रिया दिएका छैनन् । पूर्वप्रधानन्यायाधीशहरूका अनुसार रेग्मी सर्वोच्चमा फर्किएपनि उनले नैतिक रूपमा पेशी तोक्न मिल्दैन, यदि त्यसो भएमा रेग्मीले नौं महिनासम्म सरकार सञ्चालन गरेको र चुनाव सम्पन्न गराएको जसपनि खत्तम भएर जान्छ । उनी माथि पद लोलुपताको आरोप लाग्न सक्छ । त्यसैले रेग्मीले सरकार प्रमुख भएको बेलामै सर्वोच्च अदालतको प्रधानन्यायाधीशबाट राजिनामा दिएको खण्डमा स्वयं रेग्मीको उचाई बढ्न पूर्वप्रधानन्यायाधीशहरूको राय रहेको छ । सरकार प्रमुख भएको व्यक्ति मर्यदाक्रममा एक नम्बरमा आउने भएको हुनाले फेरि दोस्रौ नम्बरमा झर्नुको कुनै अर्थ नरहने एक पूर्वन्यायाधीशले बताएका छन् । आफैंमाथि मुद्दा परेको अवस्थामा रेग्मी सर्वोच्च अदालतमा फर्किए वकिलहरूको साझा संस्था नेपाल बारले रेग्मीलाई बहिष्कार गर्ने घोषणा गरिसकेको हुनाले अब रेग्मीले सर्वोच्च अदालतमा फर्किने विचार नै नगरे हुन्छ, एक कानुनी व्यवसायीले बताए ।

## एमाओवादी र...

निर्णय समेत गरेको छ । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले पेश गरेको राजनीतिक प्रतिवेत सर्वासम्मत पारित भएको सचिव देव गुरूङले जानकारी दिएका छन् । बैठकले शहरमा जनविद्रोह गर्न युवा दस्ता बनाउने निर्णय समेत गरेको हुनाले अबको केही दिनभित्रमै नेकपा-माओवादीले ठूलो संख्यामा युवाहरूलाई भेला गराएर युवा दस्ताको निर्माण गर्ने र तिनीहरूलाई जनविद्रोह गर्न तयारी अवस्थामा राख्ने निर्णय गरिनुले मुलुक फेरि द्वन्द्वतिर धकेलिन सक्ने सम्भावना बढेर गएको छ ।

नेकपा-माओवादीको बैठक सुरू हुनअघि उपाध्यक्ष सिपी गजुरेलले संविधानसभामा जान सकिने भनि दिएको अभिव्यक्तिका बारेमा उठेका आशंकालाई साम्य पार्दै अध्यक्ष वैद्यले बैठकमा भने, बरू मर्न तयार भइन्छ, नवसंशोधनवादी, संशोधनवादी र दक्षिणपन्थी गद्दार भइँदैन । बैठकले संविधानसभा विघटन गर्नुपर्ने प्रस्ताव पारित गरेको छ । मंसिर २३ गतेदेखि ललितपुरको कुपन्डोलमा सुरू भएको बैठक मंसिर २९ गतेसम्म सञ्चालन भएको थियो । यसरी नेकपा-माओवादीले संविधानसभा नै विघटन गर्नुपर्ने प्रस्ताव पारित गरेको छ भने अर्को तर्फ चुनावमा भाग लिएर पराजित भएपछि धाँधली भएको भन्दै संविधान र निर्वाचन ऐन कानुनमा व्यवस्था नै नभएको उच्चस्तरीय छानविन आयोग गठन गर्नुपर्ने माग अघि सारेर एमाओवादीले अन्य साना दलहरूसँग मोर्चा बन्दी गर्न थालेको हुनाले कतै एमाओवादी र नेकपा-माओवादी मिलेर पुनः द्वन्द्वको भूमरीमा नेपाललाई लैजाने हुन कि भन्ने आशंका उब्जिएको छ । चुनावमा नराम्रोसँग पराजय भोगेपछि धाँधली भएको आरोप लगाउँदै एमाओवादी नेतृत्वले फेरि जनतालाई झुक्याउनैका लागि देशीविदेशी शक्तिहरूले हामीलाई हराए भनेपनि उसले पछिल्लो समयमा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती मिलेर आफ्नो पार्टीलाई हराएको आरोप लगाउँदै आएको छ । मन्त्रिपरिषद्मा एमाओवादीबाट सिफारिस भएका दुई मन्त्री रहेका र निर्वाचन आयोगमा समेत एमाओवादीको सिफारिसमा एक आयुक्त रहेका छन् । तर उनीहरूले निर्वाचनमा धाँधली भएको स्वीकार गर्न सकिरहेका छैनन, धाँधली भएको भए किन उनीहरूले प्रष्ट कुरा जनतामा राख्दै राजिनामा दिएनन् । यी तमाम प्रश्नहरूको उत्तर एमाओवादीले जनतालाई किन नदिने भन्ने प्रश्न उठ्न थालेको छ ।

## संयन्त्रको...

मधेसवादी दलहरूभन्दा राप्रपा नेपाल चौथो ठूलो दल भएको अवस्थामा अहिले मरिसकेको उच्चस्तरीय राजनीतिक संयन्त्रको नाममा दलहरूले यिनै दलहरूको वैठक बसेर अनेक प्रकारका निर्णयहरू गर्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान हो । दलहरूले सरकारी सम्पत्तिमाथि हस्तक्षेप गरेर दलहरूको वैठक सरकारी भवनमा गर्नु र त्यहींको साधनस्रोतको प्रयोग गर्नु दलहरूको हेपाहा प्रवृत्तिबाहेक अन्य केही हुन सक्दैन । सरकारी सम्पत्तिमाथि सरकारले मात्र प्रयोग गर्न पाउँछ । संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको हुनाले दलहरूले सरकारी बाहेक अन्य कामका लागि सरकारी सम्पत्ति प्रयोग गर्न पाउँदैनन् ।

मरिसकेको उच्चस्तरीय राजनीतिक संयन्त्रले गरेका काम कारबाही अन्य दलहरूले स्वीकार गर्नुपर्ने बाध्यता छैन । नयाँ जनादेश आएको छ, त्यसैले राष्ट्रपति र उपराष्ट्रपति फेरिनु पर्दछ भन्ने नेकपा एमाले र एमाओवादीको मागलाई स्वीकार गर्ने हो भने विघटन भएको संविधानसभाले टुङ्ग्याएका विषयहरूका बारेमा नयाँ जनादेशले किन विश्वास गर्ने ? नयाँ जनादेश आएको हुनाले संविधान निर्माणका लागि अब शून्यबाट काम सुरू गरिनु पर्दछ । आफ्नो पक्षमा भए सबै ठीक अनि विपक्षमा भए सबै बेठीक भन्न दलहरूको लंगडो तर्कको कुनै अर्थ छैन । यदि राष्ट्रपति र उपराष्ट्रपति फेरिने हो र त्यसलाई नयाँ जनादेशको आदेश मानिने हो भने अब संविधान निर्माणको कार्य पनि शून्यबाट सुरू हुनुपर्ने र हिजोको संविधानसभाले गरेका कतिपय सहमति, समझदारीहरूलाई यो संविधानसभाले स्वीकार गरिनु हुँदैन । नयाँ जनादेशको आदेश अनुसार मात्र संविधानसभाले संविधान निर्माण गरिनु पर्दछ ।

यदि दलहरूले संविधान निर्माणको क्रममा उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने हो भने हैसियत अनुसार दलहरूको सहभागिता गराउनै पर्दछ । तीन दलको मात्र उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने र हिजोको हैसियतमा मधेसी मोर्चालाई सहभागी गराउँदै लैजाने हो भने मुलुकको ठूलो चौथो दल भएको राप्रपा नेपाल र त्यस दललाई मत दिएका जनताको अपमान हुने भएको हुनाले मरिसकेको उच्चस्तरीय राजनीतिक संयन्त्रले गरेका निर्णयहरू राप्रपा नेपाल लगायत राप्रपा र अन्य दलहरूले कदापी स्वीकार गर्न बाध्य हुनु नपर्ने अवस्था सिर्जना भएको हुनाले अविलम्व त्यो भूमिगत गिरोह उच्चस्तरीय राजनीतिक संयन्त्र खारेज गरी सबै समस्याको समाधान संविधानसभाबाटै खोजिनु लोकतान्त्रिक पद्धति हो ।

## दाहाललाई...

दाहाललाई आत्मआलोचना गर्न बाध्य पार्ने उद्देश्यले पार्टीभित्रै व्यापक दबाब बढेको छ ।

आफू २४ वर्षदेखि पार्टीमा शक्तिशाली रहँदै आएका दाहाल बेला-बखतमा अप्ठ्यारोमा पर्दै आएका भए पनि यसपटक चुनावमा नराम्रोसँग पराजित भएपछि उनीमाथि ठूलै नैतिक दबाब परेको छ । २०६४ सालको चुनावमा पार्टीलाई ठूलो पार्टी बनाउन सफल भए पनि त्यसपछि उनले चालेका कदमले पूर्णता नपाएको एमाओवादी कार्यकर्ताहरूको बुझाइ रहेको छ । पार्टी शान्ति प्रक्रियामा आएपछि अध्यक्षले लिएको कदम सफल भएको छैन । सरकार, सदन र सडकमासमेत असफलता हात लागेको छ । यसपटकको पराजयको कारण देशी विदेशी शक्तिलाई दोष लगाए पनि भित्री कारण दाहालको असक्षमताको कारण नै पराजयको मूल कारण हो । अहिले एमाओवादीभित्र तीन गुटको प्रभाव रहेको छ । दाहाल पक्ष, भट्टराई पक्ष र नारायणकाजी पक्ष । यी तिनै पक्षले आफ्नो पक्षमा जनमत र पार्टी कार्यकर्ताहरू बढाउने खेलमा लागेका छन् । पार्टीभित्रका प्रभावशाली व्यक्तिहरू पनि अध्यक्ष दाहाल र भट्टराई पक्षमा विभाजित भएपछि एक अर्काबीच आरोप-प्रत्यारोप नै चल्ने गरेको छ ।

एमाओवादीले गठन गरेको चुनावमा भएको धाँधली सम्बन्धी वर्षमान पुनको समितिले समेत चुनावमा धाँधली भएको कुनै प्रमाण भेटाउन नसकेपछि सुक्ष्म तरिकाले धाँधली गरेको आरोप लगाइएको भए पनि सुक्ष्म तरिका भनेको के हो ? प्रष्ट पार्न सकेका छैन । केवल धाँधली र षड्यन्त्र मात्र भएको भन्दै आन्तरिक कारणले गर्दा पनि पार्टीको हार भएकोमा त्यसको समीक्षा हुनुपर्ने प्रतिवेदन अध्यक्ष दाहाललाई बुझाएको छ । वर्षमान पुनलाई दाहाल पक्षीय नेताको रूपमा एमाओवादी कार्यकर्ताहरूले लिने गरेका हुनाले विगतमा दाहाल पक्षको चेपुवामा परेका भट्टराई र श्रेष्ठका नेता तथा कार्यकर्ताहरूले अध्यक्षको हैसियतले दाहालले पार्टी हारेकोमा आत्मालोचना नगरेको भन्दै आक्रोससमेत पोख्न थालेका छन् । अध्यक्षको हैसियतले पार्टीलाई सर्वहाराकरणमा रूपान्तरण नगरी, व्यवहारलाई चरम उपभोक्तावादी बनाएको उनीहरूको आरोप रहेको छ । पार्टीलाई सांस्कृतिक रूपमा रूपान्तरण गर्न पटक-पटक बाचा गरे पनि आफू त्यसैमा विलिन हुन पुगेको लामो समय पार्टीमा खर्चेका नेता तथा कार्यकर्तालाई पाखा लगाएर शक्ति र स्रोतको खेलमा पार्टीमा भित्र्याइएका व्यक्तिलाई विश्वासमा लिएको आरोप अध्यक्ष दाहाललाई लगाएका छन् । पार्टीका इमानदार र दुःख गरेकाहरूलाई रूवाउँदै शक्ति र स्रोतको बलमा पार्टीमा भित्रिएकाहरूलाई हँसाएको हामीले देखेका छौं, एक नेताले भने । पार्टी हार्नुमा दुःख लागे पनि अब पनि नेतृत्व नसुध्रिएको खण्डमा पार्टीको हबिगत अझै नराम्रो हुने ती नेताले बताएका छन् । उनीहरूको समग्र मूल्यांकन छ, पार्टी हार्नुमा अध्यक्ष दाहालको नेतृत्व नै जिम्मेवार रहेको छ ।

## यी त...

नेताहरू असफल र असक्षम सावित भए । अब निर्वाचनमा त अर्को कुनै दह्रो विकल्प नभएरै यिनीहरू फेरि पनि आलोपालो पहिलो, दोस्रो र तेस्रो भएका छन् । नत्र भने यिनको त्यो हैसियत छँदैछैन ।

त, अबको बाटो भनेको यिनले (कथित प्रमुख दलहरूले) सर्लक्कसँग आफ्नो ढिपी र फोस्रो सिद्धान्तलाई परिमार्जन गर्दै शाहवंशका उत्तराधिकारीलाई पुनः गद्दीमा आरूढ गराएर संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई नयाँ शिराबाट अगाडि बढाउनु मात्र हो । शाहवंशका उत्ताराधिकारीले मात्र यो मुलुकको कमान सम्हाल्न सक्छन भन्ने कुरा अघि प्रमाणित भइसकेको हो । यी कथित गणतन्त्रवादीहरूले गर्नुसम्म प्रयास गरिसके । अब यिनलाई अरू मौका दिनु भनेको यो मुलुकको नामोनिशान मेटाउन सहयोग गर्नु हो भनेर बुझे हुन्छ । हेरौं त, हिजो संविधानसभाको मात्र म्याद थपिने गर्दथ्यो, ....तर आज ? (समानुपातिकतर्फका) उम्मेदवारहरूको नाम बुझाउने मितिसमेत थप्ने गरिएको छ । यसबाट पनि थाहा लाग्दैन र- यिनको हैसियत ? फेरि पनि भन्नु पर्ने हुन्छ कि, बोकाले दाइँ हुने भए गोरू किन चाहिन्थ्यो ? भनेर । तसर्थ अब सबैले आ-आफ्नो फोस्रो दम्भ र पुराना सिद्धान्तहरूलाई थाँती राखेर एक आपसमा मेलमिलाप गरी यो मुलुकलाई बनाउन तिर अगाडि बढौं । विश्वास गरौं, एकले अर्कोलाई निषेध गर्दा कसैको पनि भलाई हुँदैन । न त देशको, न त जनताको र न यि कथित गणतन्त्रवादीहरूको नै !! कसो ?

## विभागले पनि व्यापार गर्ने

काठमाडौं । नियमन गर्ने प्रशासनिक विभाग व्यापार गर्न लाग्यो भने के होला ? जे होला- निकट भविष्यमा देखिने भएको छ । यस्तो व्यापार नेपाल विद्युत् विभागले गर्न लागेको हो । विद्युत आयोजनाको इजाजत दिने, इजाजतको नियमन र निगरानी गरेर प्रशासन चलाउनु पर्ने विद्युत विभागले आफैं विद्युत् उत्पादन गर्न लागिपर्ने निर्णय गरेको छ ।

नेपाल विद्युत प्राधिकरणका कर्मचारी मिलेर त्रिशुलीदेखि अन्य आयोजनाहरूबाट व्यक्तिगत लभा हाँसिल गरिरहेको देखेका विद्युत् विभागका कर्मचारी पनि त्यस्तै लाभ कमिशन लिन विद्युत् उत्पादन थाल्ने योजना बनाएका छन् । सरकारले यसरी निजामती विभागलाई विद्युत उतपादन गर्न दियो भने अनर्थ हुनेछ । यसैबीच नागरिक उड्डयन प्राधिकरणले उड्डयन व्यवसायलाई नियमति र अनुशासित पार्न नसक्दा युरोप उडानमा बन्देज लागिसक्दा पनि नचेतेर आफैं विमान किन्ने, कमिशन खाने र उडानबाट लाभ लिन अग्रसर भएको छ । जता पनि भ्रष्टाचार आश्चर्य छ ।

## खिलराजले सभासद् मागे

काठमाडौं । मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले सभासद् हुन इच्छा जाहेर गरेका छन् । उनले आफू सभासद् हुने इच्छा जाहेर गरेपछि उनीभित्र राष्ट्रपति हुने आकांक्षा जागेको विश्लेषण गर्न थालिएको छ । निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न/गराउन सफल भएकोमा उनलाई राज्यले उच्च मानपदवी दिने निश्चित भइसकेको छ भने सभासद् र सम्भव भएसम्म राष्ट्रपति दिए खाने भन्ने खिलराजका प्रशंसकहरूले लविङ सुरू गरेका छन् । खिलराजमा त यस्तो महत्वाकांक्षा जागेको देखियो भने राजनीतिक नेताहरूमा पदको तीर्खा लाग्नु कुन आश्चर्य भयो र ?

त्यसो त नेपाल बारले खिलराजलाई प्रधानन्यायाधीश पदमा फर्कन नैतिक 'बार' हालिरहेको छ । उक्त पदबाट राजिनामा नदिएका खिलराज एक दिन भएपनि प्रधानन्यायाधीशमा हाजिर भएर संविधानसभाको सभासद् हुन चाहिरहेका छन् । सरकारबाट मनोनित गरिने २६ सिटमा खिलराज रेग्मीलाई एक पद ग्यारेन्टी छ भन्ने चर्चा व्यापक हुन थालेको छ ।

## गुहार लाएपछि आयो दिल्लीको बधाई

काठमाडौं । निर्वाचन सम्पन्न भयो, तर अझै निर्वाचित सरकार बन्न सकेको छैन । सरकार बनाउन नसकेका ठूला दलहरूले दिल्लीमा गुहार लगाएपछि भारतीय विदेशमन्त्री सलमान खुर्शिद र सचिव सुजाथाको कुट्नीतिक बधाई सन्देश आएको छ । यो सन्देशको दुई पक्ष छन्, एक जनादेश सही हो, जनादेश अनुसार चल । अर्को हो, एमाओवादी लोकतन्त्रवादी भएर संविधानसभामा जाउ ।

नयाँ सरकारलाई आउनु पर्ने बधाई 'मार्ग निर्देशन आदेश'का रूपमा आउनुले निर्वाचनको गरिमा र जनादेशको सम्मानलाई कांग्रेस-एमाले-एमाओवादीले भारतीयकरण गरिदिएका छन् । यी कस्ता भारतपरस्त हुन् जो नेपाली जनताको आदेश, जनादेशको कदरसम्म गर्न जान्दैनन् भन्ने प्रश्न समेत उठेको छ ।

शान्ति, मेलमिलाप र पारस्परिक सद्भाव, सम्मुनत र सुखी भविष्यको आधार ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४१९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार